"शून्य र विशेष समयमा उठाइएका विषय कार्यान्वयन भएनन्" पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २५१ • २०८० साल माघ २४ गते बुधबार (7 Feburary, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

### लोसपा विभाजन तत्काल नहुने

# महतोको अभियान सामूहिक नेतृत्वको आधारमा चल्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का वरिष्ठ नेता राजेन्द्र महतोले फागुन महिनामा संघीय राजधानी काठमाण्डुमा प्रदर्शनको तयारी गरेका छन् । लोसपाको विभाजनलाई ओझेलमा छाडेर महतोले  राष्ट्रिय मुक्ति अभियानलाई अगाडि बढाएका छन् ।

काठमाण्डुमा शान्तिपूर्ण प्रदर्शनको तयारीमा रहेका महतोले सामूहिक नेतृत्वको विकास र बहुल राष्ट्रको अवधारणा अनुरुप अभियानलाई अगाडि बढाइने सहमति नेतृत्व तहमा भएको बताइएको छ ।

बहुल राष्ट्रको पक्षमा ५ वर्षदेखि नै तयारी भइरहेको महतोका वरिष्ठ सहयोगी राजीव झाले बताए । 'खस आर्यको एकल राष्ट्रवादको विरोधमा बहुल राष्ट्रको स्थापना आवश्यक रहेको छ' झाले भने-'देशभरिका शोषित, पीडित, आदिवासी, जनजाति, मधेशी, मुसलमानहरुलाई एकजुट बनाउन अभियान सञ्चालन गर्न लागिएको छ ।'

लोसपा पार्टी विभाजन नभइ डुब्ने बताउँदै झाले भने-'देशमा भएको मधेश आन्दोलनमा पराजित हुनुको कारणलाई केलाउँदै थालिएको अभियानले देशमा शान्तिपूर्ण र सफल क्रान्ति ल्याउनेछ ।'



नेता महतो एमाले अध्यक्ष केपी ओली नेतृत्वको सरकारमा उपप्रधानमन्त्रीको सपथ ग्रहण पछि सञ्चारकर्मीहरुसितको भेंटमा बहुल राष्ट्रको स्थापनाको विषयमा अभिव्यक्ति दिँदा विवादमा तानिएका थिए ।

त्यस बखत अभियानको तयारी सुरु भइसकेको नेता झाले बताए ।'लोसपाका अध्यक्ष महन्थ ठाकुरलाई सरकारबाट फिर्ता भएर बहुल राष्ट्र स्थापनाको अभियानमा लाग्न आग्रह गरिएको थियो' उनले भने-'तर ठाकुर सत्तामोहमा परेकाले उनी मधेशी जनताको भावनालाई सम्मान गरेनन् ।'

अभियानका अगुवा नेता महतोको एकल नेतृत्वमा संगठन नचल्ने झाले बताए । 'देशलाई सांगठिनक रुपमा तीन कमाण्डमा विभाजन गरी कमाण्डर राखिनेछ' उनले भने-'सामूहिक नेतृत्वको आधारमा नै काम गर्न कमाण्डरलाई सर्वाधिकार सम्पन्न बनाइनेछ ।'

महतोले नेतृत्व गर्ने अभियान तत्कालै पार्टीमा परिणत नहुने उल्लेख गर्दै उनले भारतीय जनता पार्टी(भाजपा)को संगठनात्मक संरचनाको आधारमा संरचना बनाइने बताए ।

अभियानसित लोसपाका अधिकांश नेता, कार्यकर्ता जोडिने दाबी गर्दै महतो निकटका नेताहरुले जनता समाजवादी पार्टी(जसपा), नेपाली कांग्रेस, जनमत पार्टीका नेताहरु पनि ठूलो संख्यामा जोडिने दाबी गरेका छन् ।

भारतमा भाजपा बाहेकका दलहरु परिवारमा अल्झेको आरोप लाग्दै आएको छ । तर महतो पनि सो आरोपबाट हाल सम्म मुक्त भइसकेका छैनन् । सामूहिक नेतृत्वकै आधारमा नयाँ संगठन अगाडि बढ्ने अभियानमा सम्बद्ध नेताहरुको दाबी छ ।

मधेश आन्दोलन पूर्व नेपाल सद्भावना पार्टीमा रहेका नेता महतो गजेन्द्र नारायण सिंहको निधनपछि पार्टी फुटाएर सद्भावना पार्टी गठन गरेका थिए । संविधान सभा चुनावमा नराम्ररी पराजित भएपछि ६ वटा दल मिलेर सामूहिक नेतृत्वको अभ्यास गर्दै राष्ट्रिय जनता पार्टी(राजपा) गठन गरेका थिए ।

२/२ महिना अध्यक्ष रहने चक्रिय प्रणाली लागु गरिए पनि राजपाले संगठनात्मक स्वरुप ग्रहण नगर्दै तत्कालीन संघीय समाजवादी पार्टीसित एकीकृत भएको थियो । जसपामा सामूहिक नेतृत्वको असफल अभ्यासपछि विभाजित भएर लोसपा गठन हुँदा महतो वरिष्ठ नेता चयन भएका थिए ।

कार्यकारी अधिकार सहित नेतृत्व चाहेका महतोलाई लोसपा अध्यक्ष ठाकुरले उपेक्षा गर्न थालेपछि आफ्नै अगुवाईमा बहुल राष्ट्र स्थापनाको नारा सहित अगाडि बढेको बताइन्छ ।

नेता महतो निकटका नेताहरु लोसपाको कार्यक्रमहरुमा सहभागी हुन छाडेका छन् । तर उनीहरुले पार्टी भने परित्याग गरेका छैनन् । महतो स्वयंले पनि वरिष्ठ नेताबाट राजीनामा नदिए पनि अध्यक्ष ठाकुरसित बोलचाल नभएको २ महिना भन्दा बढि भइसकेको छ ।

खुशिको खबर ! खुशिको खबर !! खुशिको खबर !!!

कृष्णा मेडिकल एण्ड टेक्निकल रिसर्च सेन्टर (अस्पताल)

ब्रह्मपुरी, जनकपुरधाम-९, धनुषा (नेपाल)
साबिकको जानकी मेडिकल कलेजको सिटी हस्पिटल भवनमा



डा. हेमन्त कुमार साह
एन.एम.सी.नं. १५०४०
एम.बि.बि.एस., एम.एस. (न्यूरोसर्जरी)
एम.सी.एच., न्यूरोसर्जरी (टि.यू., आई.ओ.एम.)
कन्सल्टेन्ट न्यूरोसर्जन

☞ यहाँ Brain तथा Spinal सम्बन्धित सबै शल्यक्रिया (Operation) आधुनिक मेशिनद्वारा गरिन्छ ।
☞ यहाँ २४ घण्टा ICU तथा Emergency सेवा उपलब्ध छ ।

१) टाउको दुख्नु (Migraine headache) अर्द्धकपारी
२) टाउको, ढाड, हात तथा खुट्टाको समस्या
३) नशा च्यापिनु
४) छारे रोग
५) हात, खुट्टा पोल्नु
६) हात, खुट्टा झमझम गर्नु र कामनु
७) रिंगटा लाग्नु
८) प्यारालाइसिस
९) हिडदा हुतिनु
१०) पक्षघात (Brain Haemorrhage, Brain Tumor)




टाउको तथा नाशामा चोटपटक लाग्नु सम्बन्धी सम्पूर्ण रोगको लागि एउटै गन्तव्य ।

सम्पर्क नं. ०४१-५९१०९२, ९८१४०२९७६९




JYOTI GROUP | Syakar Trading Company Pvt. Ltd. | Jyoti Bhawan, Kantipath, Kathmandu

थप जानकारीका लागि
NTC १६६ ०० १ ४६६३२ | NCELL ९८०१५७११११
www.honda.com.np

# जेष्ठ नागरिकलाई कम्बल वितरण




**टुडे समाचारदाता**

जनकपुरधाम वडा नम्बर ५ मा ज्येष्ठ नागरिकहरूलाई कम्बलसहित सामग्री वितरण गरिएको छ ।

जनकपुरधाम वडा ५ कार्यालयले मंगलबार ज्येष्ठ नागरिक सम्मान कार्यक्रम आयोजना गरी उनीहरूले कम्बल, छातासहित सामग्री हस्तान्तरण गरेका हो । उनीहरूले आर्थिक वर्ष २०७९/८० को बजेटअन्तर्गत यी सागम्री वितरण गरिएको वडा कार्यालयले जनाएको छ । कुल ७२ जनालाई सामग्री वितरण गरिएको छ । जसमध्ये केही एकल महिला पनि छन् ।

जनकपुरधाम उप-महानगरपालिका-५ वडा समितिद्वारा जेष्ठ नागरिक,एकल महिला,असहाय गरिव लगायतलाई सम्मान स्वरुप कम्बल,छाता,जाजिम,चटाई,झुल र हर्लिक्स सहित को सामग्री वितरण गरिएको छ ।

वडा अध्यक्ष बेचन साहुको अध्यक्षतामा भएको सम्मान कार्यक्रममा उपमेयर किशोरी साहको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ । कार्यक्रममा पुर्व वडा अध्यक्ष हफिज अन्सारी,श्री महावीर युवा कमिटीका अध्यक्ष अजय गुप्ता,जनकपुरधाम उ.वा.संघका पुर्व अध्यक्ष निर्मल कु.चौधरी,जेसिजका पुर्व अध्यक्ष श्री रामबाबु गुप्ता,वडा सचिव महेन्द्र यादव,स्वास्थ शाखा अधिकृत दिपनारायण यादव लगायत वडावासीहरुको उपस्थिति रहेको थियो।

# संसदीय समितिद्वारा नागढुङ्गा सुरुङमार्गको स्थलगत निरीक्षण

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रियसभा सदस्यले झिनामसिना समस्या समाधान छिट्टै गर्न सके आगामी वर्षसम्मभित्र नागढुङ्गा सुरुङमार्ग प्रयोगमा आउन सकिने बताएका छन् । यसका लागि सरकारी संयन्त्रको ध्यानाकर्षण गराइने र आवश्यक निर्देशन दिइने छ ।

राष्ट्रियसभा, दिगो विकास तथा सुशासन समितिले मंगलबार उक्त स्थानको स्थलगत अवलोकन गरेपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै समितिका सभापति प्रकाश पन्थले निर्माण प्रगति सन्तोषजनक भए पनि समयभित्रै सञ्चालनमा ल्याउन विभिन्न स्थानका जनताको गुनासो र केही नीतिगत अप्ठ्यारो हटाउनुपर्ने बताए । "वारपार छिचोल्न (सुरुङ ब्रेकथ्रु हुन)करिब ३० मिटर मात्र बाँकी रहेकोले सुरुङमार्ग समयमै पूरा हुन्छ भन्ने हाम्रो धारणा छ, जतिसक्दो चाँडो काम सकेर त्यसलाई सञ्चालन गर्न सरकारलाई निर्देशन दिन्छौँ", उनले भने । समितिले आवश्यक निर्देशन लिखितरुपमा दिने र कार्यान्वयन भए नभएको अनुगमनसमेत गर्ने जानकारी पनि उनले दिए ।



सभापति पन्थको नेतृत्वमा सुरुङमार्ग आयोजनास्थल पुगेको संसदीय टोलीमा समितिका सदस्य कमला पन्त, जगप्रसाद शर्मा, भुवनबहादुर सुनार, महेशकुमार महरा र विमला घिमिरे तथा संसद् सचिवालयका सचिव रोजनाथ पाण्डे र उपसचिव कान्छा दुलाल थिए । संसदीय टोलीलाई सुरुङमार्गको प्रगतिबारे आयोजनाको परामर्शदातृ संस्था निप्पन कोइका इन्जिनियर रमेशप्रसाद कोइरालाले जानकारी दिएका थिए । साथै उनले सुरुङमार्ग निर्माणमा हालसम्म भएका प्रगति र चुनौतीबारे पनि जानकारी दिएका थिए । उनका अनुसार काठमाडौँको दहचोकदेखि धादिङको सिस्ने खोलासम्म दुई दशमलव ७ किलोमिटर सुरुङमध्ये अब मुख्य सुरुङतर्फको ३० मिटर मात्र खन्न बाँकी छ ।

सुरुङ वारपार भएपछि त्यसलाई पूर्णरुपमा सबल बनाउन कङ्क्रिटका कामलगायत अन्य काम गर्नुपर्ने र त्यसपछि सुरुङमार्गको सुरक्षा, सहज आवागमन र मानवीय सुरक्षाका लागि सुरुङभित्र दमकल, आकस्मिक उद्धार, सिसिटिभी क्यामेरा सञ्चार र सुरक्षा संयन्त्रजस्ता अत्यावश्यक सेवा एवं संरचनाको व्यवस्था गराउनुपर्ने उनले बताए ।

इन्जिनियर कोइरालाले संसदीय समितिलाई सुरुङ पश्चिम प्रवेश विन्दुमा पर्ने धादिङको खत्री पौवास्थितकेही जमिनको जग्गाको मुआब्जा दिन कानुनी बाधा परेको जानकारी गराए । त्यहाँ विगतमा सडक रहेको तर पछि घुमेको स्थान सोझ्याउने क्रममा सडक सारिएपछि प्रयोगमा नआएको सडकको जग्गा स्थानीयले उपयोग गरिरहेका छन् । सडक रहेको जग्गामा स्थानीय व्यक्ति र सडक दुवैको नाम भटिएकाले थप अप्ठेरो परेको उनले बताए ।

# संघीय प्रणालीलाई समृद्ध बनाउन सबै जुटौँ: नागरिक समाज

**टुडे समाचारदाता**

काठमाण्डु । नागरिक अगुवाले जनताको अपेक्षाअनुरुप सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था प्रभावकारी ढङ्गले सञ्चालन हुन नसकेको बताइरहँदा राजनीतिक दलका नेताहरुले भने जनआकाङ्क्षाअनुरुप लामो सङ्घर्ष र बलिदानबाट प्राप्त व्यवस्थालाई समृद्ध बनाउन सबै जिम्मेवार हुनुपर्ने बताएका छन् ।

नेपाल अध्ययन केन्द्रले 'अभ्यासमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र' विषयमा मंगलबार आयोजना गरेको राष्ट्रिय गोष्ठीमा उनीहरुले संविधानअनुरुपका संरचना सक्रिय नभएका र राजनीतिक दलहरुमा पनि परम्परागत सोच कायमै रहेकाले अपेक्षित सुधार आउन नसकेको बताए ।

> युवापुस्ताले पनि सधैँ विरोध मात्रै हैन व्यवस्थालाई कसरी सुदृढ र प्रभावकारी बनाउने भन्नेबारे विकल्पसहित पहलकदमी लिनुपर्ने धारणा राखे ।

नागरिक समाजका अगुवा डा देवेन्द्रराज पाण्डेले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्यास अपेक्षाअनुरुप नभएको टिप्पणी गरे । "संविधानको व्यवस्था । जनअपेक्षाअनुरुप व्यवस्था प्रभावकारी हुनसकेन कि भन्ने चिन्तो छ", पूर्वमन्त्री पाण्डेले भने, "केही नभएको होइन, संविधान बनेर कार्यान्वयन भइरहेको छ । सङ्घीय व्यवस्थाअनुरुप संरचना खडा भएका छन् । संविधानअनुरुप राज्यका केही निकायले जनतालाई केन्द्रमा राखेर काम नगरेकाले व्यवस्थाको प्रभावकारिता बढेको छैन ।"

राजनीति शास्त्रका प्राध्यापक कृष्ण खनालले राजनीतिक दलप्रति जनताको वितृष्णा बढिरहेको, सतही राजनीतिको खेलमा दल लागेकाले जनतामा आक्रोश बढेको बताए । उनले दलीय प्रणालीलाई बलियो बनाउन अहिलेको पार्टी संरचना परिवर्तन गर्न जरुरी भएको बताए ।

नागरिक अगुवा अर्चना थापाले जनताको आकाङ्क्षा पुरा गर्न अहिलेको अभ्यास पर्याप्त नभएको, समावेशीताको सिद्धान्तको पूर्ण कार्यान्वयन नभएको बताए । समाजमा रहेका विभिन्न पीडित वर्ग र समुदायको मागलाई सम्बोधन गर्न सरकार र राजनीतिक दलले ध्यान दिन आवश्यक छ भने । राजनीतिक विश्लेषक हरि शर्माले संविधानबमोजिम बनेका संरचनाको कतिको प्रभावकारिता छ भनेर समीक्षा गरेर व्यवस्थाको सुधार गरेर लैजानुपर्नेमा जोड दिए । उनले सङ्घीय व्यवस्थाको प्रभावकारिताका लागि संविधानमा व्यवस्था गरिएका विषयको कार्यान्वयन गरिनुपर्ने खाँचो औँल्याए ।

नेकपा (एमाले) का उपमहासचिव पृथ्वीसुब्बा गुरुङले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको प्रभावकारी कार्यान्वयनका लागि संविधानबमोजिम सङ्घीय निजामती र प्रहरी ऐन चाँडो टुङ्ग्याइनुपर्नेमा जोड दिए । "सङ्घीय शासन प्रणालीलाई व्यावहारिक र प्रभावकारी बनाउन राज्यको स्रोत र साधनमा समान पहुँज र सबैको स्वामित्वको सुनिश्चितता गरिनुपर्छ । राज्यका हरेक तह र तप्कामा सबै वर्ग र समुदायको समान सहभागिता हुनुपर्छ", नेता गुरुङले भने ।

नेपाली कांग्रेसका नेता डा मीनेन्द्र रिजालले जनताको आवश्यकता र चाहनाबमोजिम लामो सङ्घर्षबाट प्राप्त मुलुकको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई व्यावहारिक बनाउन सबैले ध्यान दिन जरुरी भएको बताए । उनले संविधानमा व्यवस्था भएअनुरुप नीतिगत र संरचनागत सुधार गरेर लैजानसके व्यवस्थाप्रतिको लोकप्रियता बढ्ने विश्वास व्यक्त गरे । नेता रिजालले अहिलेको निर्वाचन प्रणाली सुधार नगरेसम्म व्यवस्थाको प्रभावकारिता नहुने जिकिर गरे ।

नेकपा एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई नेतृत्व गर्ने सक्षम व्यक्तिको खडेरीले यस व्यवस्थाप्रति आलोचनन बढेको टिप्पणी गर्नुभयो । सरकार र राजनीतिक दलको नेतृत्व एउटै व्यक्ति लामो समयसम्म रहने प्रवृत्तिले जनतामा निरासा छाएको उनको भनाइ छ ।

पूर्वसभामुख ओनसरी घर्तीले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई प्रभावकारी बनाउन सबै जिम्मेवार भएर लाग्नुपर्नेमा जोड दिए । युवापुस्ताले पनि सधैँ विरोध मात्रै हैन व्यवस्थालाई कसरी सुदृढ र प्रभावकारी बनाउने भन्नेबारे विकल्पसहित पहलकदमी लिनुपर्ने धारणा राखे ।

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियारले लामो सङ्घर्षबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई हाक्ने सही नेतृत्व नहुँदा यसको अभ्यास प्रभावकारी बन्न नसकेको बताए ।

# एनसेलको आकर्षक इण्डिया रोमिङ प्याक, छोटो समयकालागि भ्रमणमा जानेलाई फाइदा




**टुडे समाचारदाता**

काठमाण्डु । एनसेलले विविधप्रयोजनकालागि छिमेकीमित्रराष्ट्र भारतको भ्रमणमा बारम्बार जाने आफ्ना ग्राहकहरुकालागिआकर्षक रोमिङ प्याक संचालनमाल्याएको छ । यो प्याक सुचारु गरि ग्राहकले सबैभन्दासुलभ शुल्कमाभारतमा रहँदासहजै सम्पर्कमा रहन सक्छन् ।

ग्राहकले कर सहित रु १०० मायो रोमिङ प्याक सुचारु गर्न सक्छन् र तीनदिनसम्म रोमिङ सेवाको पहुँचबाट फाइदालिन सक्छन् ।यसको अर्थ प्रतिदिनमात्र रु ३३ मातीनदिनसम्म रोमिङ सेवाउपलब्धहुनेछ । यतिमात्रनभई, प्याकका साथग्राहकले तत्काल ५०० एमबी डेटा पाउँछन् र भ्वाइस र एसएमएस सेवामाशुल्कमाभारी छुट पाउँछन् ।

यो प्याकशुक्रबार (माघ १९) बाट संचालनमाआएको हो । यो प्याकले हाम्रा सीमावर्ती सहरहरू जस्तै वीरगन्ज, भैरहवा, नेपालगन्ज, विराटनगर, जनकपुर आदीशहर हरुबाट बारम्बार भारत भ्रमण गर्ने सानाव्यवसायी, यातायातमजदुर जस्ता ग्राहकहरुको रोमिङ सेवाको मागलाई सम्बोधनगर्दछ । त्यसैगरी यसले भारतमाआकस्मिक भ्रमणमा जानु पर्ने ग्राहकहरुलाई पनिविशेष महत्व राख्दछ ।

ग्राहकहरुले एष्ट्रिक्स१७१२९एष्ट्रिक्स५ह्यास डायल गरि यो प्याकलिन सक्छन् । त्यसैगरी यो प्याकअन्यमाध्यम जस्तै एनसेल एप, एनसेलको वेबसाइटर अन्य डिजिटल प्लेटफर्महरुमार्फत पनि सुचारु गर्न सकिन्छ ।

> ग्राहकहरुले एष्ट्रिक्स१७१२९एष्ट्रिक्स५ह्यास डायल गरि यो प्याकलिन सक्छन् । त्यसैगरी यो प्याकअन्यमाध्यम जस्तै एनसेल एप, एनसेलको वेबसाइटर अन्य डिजिटल प्लेटफर्महरुमार्फत पनि सुचारु गर्न सकिन्छ ।

यो प्याकलिने बितिकै बिनाकुनै झन्झट रोमिङ सेवा स्वतः सुचारु हुन्छ र ग्राहकले तत्कालै ५०० एमबी डेटा पाउँछन् साथै इनकमिङ कल उठाउन र भारतमाकल गर्नका लागि पेएजयूगो शुल्कमा ३२ प्रतिशत छुट पाउँछन् । यसको मतलबग्राहकले कर सहितमात्र रु १६.४८ प्रतिमिनेटमा कल उठाउन र भारतमाकल गर्न सक्छन् । साथै पेएजयूगोको प्रतिएसएमएस शुल्कमा २९ प्रतिशत छुटका साथमात्र कर सहित रु ६.३४ माएसएमएस पठाउन सक्छन् ।

एक पटक सुचारु गरेपछि प्याक ३ दिनकालागिमान्य रहन्छ र ग्राहकले आफ्नो आवश्यकतावाभारत बसाईको आधारमाजति पटक पनि यो प्याकलिन सक्छन् ।

यो रोमिङप्याकले बारम्बार भारत भ्रमण गर्नुपर्ने ग्राहकहरूकालागि झन्झटरहित दूरसञ्चार सेवा सुनिश्चितगर्दछासबै भारतीय सेवाप्रदायकहरूसँग आफुले काम गर्ने भएकाले यो प्याकले विशेष गरी ग्राहकहरूलाई विभिन्न उद्देश्यकालागिभारत भ्रमण गर्दा सस्तो दरमा सजिलैसँग सम्पर्कमा रहन धेरै फाइदा पुऱ्याउने विश्वास एनसेलले लिएको छ।

# आपतकालीन सेवाको एकीकृत प्रणाली विकास गर्न कार्यदल गठन

**टुडे समाचारदाता**

काठमाण्डु । आपतकालिन अवस्थामा व्यक्तिले मोबाइल वा टेलिफोनबाट सूचना पठाएपछि केन्द्रीय सूचना प्रणालीमा पुग्ने र आवश्यक आपतकालीन सेवा लिन सक्ने गरी एकीकृत सूचना प्रणाली विकास गर्न कार्यदल गठन गरिएको छ ।

यसका लागि राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन प्राधिकरणका सहसचिव भरतमणि पाण्डेको संयोजकत्वमा ११ सदस्ययीय कार्यदल गठन गरिएको हो । कार्यदलमा गृह मन्त्रालय, स्वास्थ्य मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, नेपाली सेना, सशस्त्र प्रहरीका एक-एक र नेपाल प्रहरीका दुईजना प्रतिनिधि रहेका छन् । सूचना तथा सञ्चार विज्ञ विजय गौतमसमेत कार्यदलमा छन् ।




एम्बुलेन्स, दमकल, प्रहरी सेवा, प्रारम्भिक स्वास्थ्यजस्ता सेवा एकीकृतरुपमा उपलब्ध गराइने गरी प्रणालीको विकास गर्न लागिएको गृह मन्त्रालयले जनाएको छ । तत्कालका लागि भने एम्बुलेन्स, दमकल र प्रहरी सेवा समावेश गरिने छ । उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजीश्रेष्ठको उपस्थितिमा सोमबारको सरोकारवालाको बैठकले आपतकालीन सहायता सेवा प्रवाहका सम्बन्धमा १५ दिनभित्र अवधारणापत्र र कार्ययोजना पेश गर्न कार्यदललाई समय दिइएको छ ।

अत्यावश्यक सहायता सेवाका लागि हाल नेपाल प्रहरीको १००, दमकलको १०१, एम्बुलेन्सको १०२ र ट्राफिक प्रहरीको १०३ नम्बर प्रयोगमा छन् । यो नयाँ सेवा सुरु भएपछि सबै नागरिकले एउटै नम्बर प्रयोग गरेर आफूलाई परेको समस्या केन्द्रीय प्रणालीमा पठाउन सक्नेछन् । केन्द्रीय सूचना प्रणालीमा प्राप्त सूचनालाई तत्कालै सम्बन्धित निकायमा पठाउने छ र आपतकालीन सेवा प्रवाहका लागि विभिन्न उपप्रणालीसमेत प्रयोगमा ल्याइने गरी उक्तकार्य अघि बढेको कार्यदलका संयोजक पाण्डेले जानकारी दिए ।


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथून | : बौद्धिक क्षमता । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : धन वृद्धि सञ्चय । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सरस्वती पूजा नजिकिँदै गर्दा जनकपुरधाममा सरस्वतीको मूर्ति निर्माण गर्दै कालीगढ। *तस्विरः रासस*

# सञ्चारमाध्यम र सामाजिक सञ्जाल असंवेदनशील रहेको दाबी

**टुडे समाचारदाता**

काठमाण्डु । इन्टरनेटको पहुँच र प्रयोग बढेसँगै बालबालिकासँग सम्बन्धित असंवेदशील विषयवस्तु सार्वजनिक हुनेक्रम बढेको र यसलाई नियन्त्रण गर्न नसके अवस्था थप विकराल हुने जानकारहरुले धारणा राखेका छन् । सामाजिक सञ्जालमात्र नभई मूलधारका सञ्चारमाध्यमहरु पनि बालबालिको अधिकार र सुरक्षाका मामलामा गम्भीर हुन नसकेको उनीहरुको भनाइ छ।

प्रेस काउन्सिल नेपालले मंगलबार आयोजना गरेको अनलाइनमा बाल संरक्षण सम्बन्धमा मिडियाको भूमिका विषयक राष्ट्रिय कार्यशालाका वक्ताहरुले बालबालिकाको अधिकारसँग सम्बन्धित विद्यमान कानूनको उल्लंघन हुनेगरी सञ्चारमाध्यम र सामाजिक सञ्जालमा आएका विषयवस्तुको प्रभावकारी नियमन तथा अनुगमनको समेत आवश्यकता औल्याएका हुन् । त्यस्तै, यो विषयलाई कानूनी रुपमै सम्बोधन गर्नका लागि सरोकारवाला निकाय र पक्ष जिम्मेवार हुनुपर्ने पनि उनीहरुको भनाइ छ।

सङ्घीय संसदअन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति सभापति भानुभक्त जोशीले सञ्चार तथा सूचना प्रविधिका क्षेत्रसँग सम्बन्धित कानून बनाउँदा बाल अधिकारको विषयलाई समितिले गम्भीरताका साथ हेरिनुपर्ने बताए। संसदमा दर्ता भएका र हाल समितिमा छलफलका क्रममा रहेका विधेयकमार्फत् कानुन निर्माणका क्रममा सूचना प्रविधिका क्षेत्रबाट हुनसक्ने बाल अधिकार र बाल सुरक्षा संवेदनशीलताको विषयलाई महत्वका साथ हेरिने प्रतिवद्धता पनि उनले जनाए।

"बालबालिकाका क्षेत्रमा संसदीय समितिको कति महत्वपूर्ण भूमिका रहन्छ भन्ने कुरा मैले महसुस गरेको छु। सञ्चारमाध्यमसँग सम्बन्धित विधेयक समितिमा छलफल गर्दैगर्दा यस्ता विषयलाई गम्भीरताका साथ छलफल गर्ने प्रतिवद्धता व्यक्त गर्छु", जोशीले भने, "बालबालिकाका अधिकारका क्षेत्रमा सञ्चारमाध्यमले निभाउनुपर्ने भूमिकालाई कानूनमार्फत् थप स्पष्ट पार्न जरुरी छ । त्यसका लागि नयाँ कानुन निर्माण र विद्यमान कानुन संशोधन गर्दा समितिले विशेष ध्यान दिनेछ।"प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले सञ्चारमाध्यमहरु स्वनियमन र आचारसंहिताको पालनाप्रति जिम्मेवार हुनुपर्ने बताए । त्यस्तै, सञ्चारमाध्याम प्रयोग अपरिहार्य जस्तै भइसकेको अवस्थामा यसले समाजमा पारेको नकारात्मक प्रभावको समाधान खोजिनुपर्ने उनले बताए।

"सञ्चारमाध्यम आफैले आत्मसमीक्षा गर्न जरुरी छ । आचारसंहिता अनुकुलका सामग्री दिँदा सञ्चारमाध्यम आफै जिम्मेवार हुनुपर्छ। हामीलाई कस्तो सञ्चार नीति र कानून आवश्यक छ भनेर पनि बहस गरौँ", उनले भने। मूलधारका सञ्चारमाध्यमका लागि पनि सामाजिक सञ्जालको प्रयोग अपरिहार्य बनिसकेको अहिलेको अवस्थामा यसलाई नियमनको दायराभन्दा बाहिर राख्न नहुने उनको भनाइ छ। यद्यपि सामाजिक सञ्जालको नियमन चुनौतीपूर्ण रहेको बस्नेतले बताए।


अधिकारकर्मी तथा प्राध्यापक डा कुन्दन अर्यालले बालबालिकाका लागि अनलाइन सुरक्षाबारे सञ्चारमाध्यमसँगै नागरिक समाजको भूमिका पनि महत्वपूर्ण हुने बताए । "बाल सुरक्षाको एउटा महत्वपूर्ण पाटो साइबर सुरक्षा पनि हो भनेर हामी सबैले बुझ्न जरुरी छ। इन्टरनेटको व्यापक पहुँच र डिजिटल माध्यमको प्रयोगले यो सुरक्षा खतरा बढिरहेको छ", उनले भने । यो विषयमा सञ्चारमाध्यम र सामाजिक सङ्घ-संस्थाले विद्यमान कानुनमा भएका व्यवस्थाको कार्यान्वयन बारे विषय उठाउनुपर्ने उनको भनाइ छ। अब मिडिया साक्षरता मात्र होइन, डिजिटल साक्षरता पनि आवश्यक देखिएको उनले बताए।

सामाजिक सन्जाल र सञ्चारमाध्यमले उठाएका विषयवस्तुले बालबालिकाको सुरक्षामा कस्तो प्रभाव परिरहेको छ भनेर विस्तृत अध्ययन अनुसन्धानको आवश्यकता पनि उनले औल्याए।

सोही कार्यक्रममा भ्वाइस अफ चिल्ड्रेन कार्यकारी निर्देशक कृष्णकुमार थापाले इन्टरनेटका कारण बालबालिका असुरक्षित बन्दै गएको बताए । "अहिले इन्टरनेट आवश्यक पनि छ । तर उपलब्ध गराउँदा बालबालिकामा सुरक्षा जोखिम रहन्छ। यो विषयलाई सञ्चारमाध्यमले पनि गम्भीरताका साथ उठाउनुपर्छ", उनले भने।

केही वर्षअघि विदेशी नागरिकबाट नेपालका बालबालिकामाथि दुर्व्यवहार भएको विषय बाहिर आएको र त्यसमा इन्टर नेटको प्रयोग भएको विषय उल्लेख गर्दै थापाले यस्ता विषयमा सुरक्षा निकाय पनि चनाखो हुनुपर्ने बताए।

कार्यशालामा प्रेस काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसालले बालबालिकाका विषयमा मिडिया र बालमैत्री सञ्चार निर्देशिका विषयमा प्रस्तुति दिएका थिए।



# समितिको वार्षिक प्रतिवेदन पुनर्लेखन गरिने

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिका सभापति किरणकुमार साहले समितिको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन पुनर्लेखन गरी संसदमा पेश गरिने जानकारी दिनुभएको छ। समितिको मंगलबार बसेको २०औं बैंठकमा प्रतिवेदनको मस्यौदामाथि छलफलमा सहभागी विज्ञको रायसुझावका आधारमा पुनर्लेखन गरी पेश गरिने उनले बताए ।

"प्रतिवेदन औपचारिकता लागिमात्र नभई सरकारलाई थप प्रभावकारी बनाउने उद्देश्यले तयार पारिएको हो", सभापति साहले भने, "प्रतिवेदन पुनर्लेखन गर्दा विज्ञले उठाएका रायसुझाव पनि समेटिनेछ।"

प्रतिवेदनमा गत वैशाख १५ देखि असार मसान्तसम्म ज्येष्ठ सदस्य सभापति रोशन कार्कीद्वारा सञ्चालित बैठकमा भएका छलफल र निर्णय पनि समेटिएको छ।समितिका सचिव इन्द्रविलास पौडेलले प्रस्तुत गर्नुभएको प्रतिवेदनमाथि समितिको आजको छलफल भएको थियो । उनले समितिलाई प्रभावकारी बनाउन विज्ञ, सम्बन्धित सरोकारवालासँगको छलफललाई थप जोड दिन आवश्यक रहेको बताए।



समिति सदस्य रोशन कार्कीले समितिले आफ्नो क्षेत्राधिकारमा रही आमन्त्रित गरेका राष्ट्रिय महिला आयोग, राष्ट्रिय समावेशी आयोग, दलितको आयोगलगायतका सवैंधानिक आयोग र राष्ट्रिय बाल परिषद्, समाज कल्याण परिषद्, विज्ञसँगको उपस्थितिसहितको छलफलका क्रममा विश्लेषण गरिएका उक्त निकायका अवस्था, समस्या, सुधारका सुझाव पनि प्रतिवेदनमा समेटिने बताए।

समिति सदस्य हर्कमाया विश्वकर्माले प्रतिवेदनमा समिति सदस्यको सहभागिता हुनुपर्ने आवश्यकता औंल्याउँदै बैठकमा छलफल भएका विषय समेट्दै प्रतिवेदनमा थप स्पष्टता दिनुपर्ने उल्लेख गरे । समिति सदस्य शोभा ज्ञवालीले समितिमा संवैधानिक आयोगमाथि गरिएका छलफलको गहिरो विश्लेषण गरी परिणाममुखी बनाउनुपर्नेमा जोड दिए।

गत आवमा समितिका आठ बैठकमार्फत २१ वटा निर्णय भएका छन् । प्रतिनिधिसभा नियमावलीमा, २०७९ को नियम १८९ को उपनियम (१) व्यवस्था बमोजिम समितिको प्रतिवेदन सभापति वा निजको अनुपस्थितिमा सभापतिले तोकेको सो समितिको अन्य कुनै सदस्यले बैठकमा पेश गर्नुपर्ने व्यवस्था छ।

# साझा अधिकार सूचीका कानुन निर्माणमा अन्योल

**टुडे समाचारदाता**

काठमाण्डु । स्थानीय तहलाई संविधान प्रदत्त साझा अधिकारका विषयमा कानुन बनाउन द्विविधा र अन्योलता रहेको एक अध्ययन प्रतिवेदनले देखाएको छ।

राष्ट्रियसभाअन्तर्गत विधायन व्यवस्थापन समितिले तयार पारेको 'स्थानीय तहको कानुन प्रक्रिया एवं अभ्यास सम्बन्धमा स्थलगत अध्ययन, अनगुमन प्रतिवेदन' मा स्थानीय तहलाई साझा अधिकारका विषयमा कानुन बनाउन जटिल, द्विविधा र कठिनाइ भएको उल्लेख छ।सङ्घीय निजामती ऐन नहुँदा स्थानीय सेवाको सञ्चालन र कर्मचारी व्यवस्थापनमा समस्या रहेको प्रतिवेदमा उल्लेख छ। साथै, घरबहाल कर, ठूला सङ्घसंस्था तथा कम्पनीको कर माथिल्लो तहमा दाखिला हुनेहुँदा स्थानीय तहको राजस्व सङ्कलनमा सङ्कुचन भएको र यसलाई नियमन गर्नसमेत नसकिएको अध्ययनले देखाएको छ।

"नदीजन्य पदार्थको शुल्क निर्धारण तथा उत्खननमा स्पष्ट कानुनी व्यवस्था नहुँदा समस्या परेको छ", प्रतिवेदनमा भनिएको छ, "नगर प्रहरीको अधिकारका विषयमा अन्योलता रहेको, स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐनमा समसामयिक संशोधन आवश्यक छ।"राष्ट्रियसभाको उक्त समितिले तीन प्रदेशका छ वटा स्थानीय तहमा अध्ययन गरेको थियो। जसमा बागमती प्रदेशको भक्तपुर नगरपालिका, कोशी प्रदेशअन्तर्गत सुनसरी इटहरी उपमहानगरपालिका, मोरङको रङ्गेली नगरपालिका, धनकुटाको चौबिसे गाउँपालिका रहेका छन् । साथै गण्डकी प्रदेशअन्तर्गत कास्कीका पोखरा महानगरपालिका र अन्नपूर्ण गाउँपालिका थिए।

उक्त स्थानीय तहमा अध्ययन गर्दा स्थानीय सरकार सञ्चालनसम्बन्धी नियमावली नआएको, न्यायिक समितिको निर्णय पालनामा प्रहरीले कानुनी अड्चन देखाउँदै कार्यान्वयनमा कठिनाइ रहेको देखिएको हो।

अध्ययन प्रतिवेदनमा न्यायिक समितिको क्षेत्राधिकार र महत्व बढाउनुपर्ने, वनसम्बन्धी कानुनका कारणले नदीजन्य पदार्थ उत्खननमा समस्या रहेको, कानुन निर्माणका दौरान व्यक्त फरक मत दर्ता गर्ने परिपाटी नरहेको उल्लेख छ।प्रदेशको कानुन/अध्यादेशले स्थानीय तहको अधिकारलाई छेक्ने वा व्यवधान खडा गर्ने गरेको, प्रदेश र स्थानीय तहबीच समन्वयमा अभाव रहेको, खानेपानीसम्बन्धी स्थानीय तहको अधिकार कार्यान्वयन गर्न नसकिएको प्रतिवेदनमा उल्लेख छ।



"कानुन अभावमा राजस्व सङ्कलन र स्थानीय तहमा व्यवसाय दर्तामा कठिनाइ उत्पन्न भएको, आवश्यकताअनुसार विषय विज्ञताको कमी हुँदा कानुन निर्माणमा दक्ष जनशक्तिको अभाव रहेको देखिएको छ", प्रतिवेदनमा भनिएको छ, "तीन तहबीच कार्यक्षेत्रगत दोहोरोपना तथा द्विविधा रहेको, कानुन निर्माण पूर्व विषयगत अध्ययन, अनुसन्धान नसकेको, जनताको अपेक्षाअनुरूप बनाउन सकिएको छैन।"प्रतिवेदनमा हतारमा कानुन बनाउँदा आवश्यक कुरा छुट्न जाने र अन्य कानुनसँग बाँझिने गरेको, प्रत्यायोजित अधिकारमा ऐनअन्तर्गत नियम बन्नुपर्नेमा सारभूत विषयमा समेत नियम बन्ने गरेको उल्लेख छ।

कानुन निर्माणमा निर्धारित प्रक्रिया अवलम्बन गर्न नसकिएको, नीति निर्माणमा अनावश्यक दबाव सिर्जना हुने गरेको, आफ्नो भौगोलिक अवस्थाअनुरूप कानुन बनाउन नपाएको तथा स्थानीय आवश्यकतालाई मध्यनजर गरेर बनाएको कानुन प्रदेश र सङ्घसँग नमिल्ने र अदालतले कार्यान्वयन गर्न रोक्ने गरेको अध्ययन प्रतिवेदनमा भनिएको छ । स्थानीय तहमा शिक्षा, भाषाजस्ता विषयमा प्रदेश र केन्द्रले गर्दा स्थानीय तहलाई समस्या पारेको, कानुन कार्यान्वयन मापन गर्ने किटानी व्यवस्था नभएको, सङ्घीय शिक्षा ऐन नहुँदा शिक्षा क्षेत्र र शिक्षकको सरुवालगायतका विषयमा काम गर्न समस्या रहेको बताइएको छ।

जनप्रतिनिधिमा कानुन निर्माण प्रक्रियाबारे पर्याप्त ज्ञानको नभएको, सङ्घ र प्रदेशले बनाउनुपर्ने कानुन नबनाउँदा स्थानीय तहले कानुन बनाउन नपाएको र बनाएका कानुनहरू पुरानो कानुनसँग बाँझिएकाले कार्यान्वयन हुन नसकेको प्रतिवेदनमा औंल्याइएको छ ।अध्ययनअनुसार भक्तपुर नगरपालिकाले २०८० साल असार १३ गतेसम्म ५६ वटा कानुन निर्माण गरेको देखिएको छ। सुनसरीको इटहरी उपमहानगरपालिकाले ८९, मोरङको रङ्गेली नगरपालिकाले ६०, धनकुटाको चौबिसे गाउँपापालिकाले ५९, कास्कीको पोखरा महानगरपालिले ११३ र कास्कीकै अन्नपूर्ण गाउँपालिकाले ४२ वटा कानुन बनाएको प्रतिवेदमा उल्लेख छ।

नेपालको संविधानको धारा २३२ मा सङ्घीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयका आधारमा हुने व्यवस्था गरिएको भए पनि स्थानीय तहमा साझा अधिकार सूचीमा रहेका विषयमा कानुन बनाउन बढी अन्योल देखिएको पाइएको छ । "सङ्घीय सरकारले नै कतिपय कानुन निर्माण प्रक्रियामा ढिलाइ गर्दा स्थानीय तहलाई धैरै जटिल भएको देखिएको छ", समितिका सदस्य गङ्गा बेल्बासेले भने, "स्थानीय तहका कानुनमा एकरुपता पनि देखिएन, तालिम दिने निकाय पनि प्रभावकारी देखिएन।"

समिति सदस्य उदय बोहराका अनुसार स्थानीय तहलाई संविधान र कानुनले दिएको अधिकार पनि प्रभावकारी तरिकाले प्रयोग गर्न विभिन्न अड्चन देखिएको सुनाए ।"शिक्षा, स्वास्थ्य र खानेपानीजस्ता विषयमा आधारभूत कानुन नबन्दा स्थानीय तहमा धैरै समस्या देखिएको छ", समिति सदस्य भगवती न्यौपानले भने, "सङ्घीय सरकारले निजामती ऐन बनाउन नसक्दा कर्मचारी समायोजन हुन नसकी स्थानीय तहको काममा प्रत्यक्ष असर परेको छ।"

समितिका सभापति जयन्तीदेवी राईले स्थानीय तहमा कानुन निर्माण गर्दा कस्ता समस्या छन् भन्ने विषयमा अध्ययनले प्रष्टरुपमा देखाएको र स्थानीय तहलाई कानुन बनाउन सहजीकरण गर्न प्रतिवेदनले सहयोग पुऱ्याउनेमा विश्वास व्यक्त गरे । समितिको मंगलबारको बैठकमा उक्त प्रतिवेदन सार्वजनिक गरिएको हो । प्रतिवेदनमा स्थानीय तह, प्रदेश र सङ्घीय सरकारका लागि सुझाव दिइएको छ। स्थानीय तहका लागि संविधानबमोजिम समयमा कानुन निर्माण, त्यसको कार्यान्वयन एवं मूल्याङ्कनको व्यवस्था हुनुपर्ने उल्लेख छ।

त्यस्तै सारवान विषयमा विधायिकी प्रक्रियाबाट नै कानुन निर्माण गर्नुपर्ने, बनिसकेकालाई विधायिकी प्रक्रियाबाट कानुन बनाई विस्थापन गर्नुपर्ने, साझा अधिकारका विषयमा कानुन निर्माण गर्दा सम्बन्धित सङ्घीय कानुन र प्रदेश कानुनसँग नबाँझिने गरी तयार गर्ने, त्यस सम्बन्धमा समन्वय तथा छलफल तथा परामर्श गर्नुपर्ने रहेको छ। जनप्रतिनिधि निर्वाचित भएलगत्तै स्थानीय तहको विधायिकी क्षेत्राधिकार र कानुन निर्माण प्रक्रिया सम्बन्धमा अभिमुखीकरण सञ्चालन गर्नुपर्ने प्रतिवेदनको सुझाव छ । प्रतिवेदनमा प्रदेश तहलाई दिएको सुझावमा स्थानीय तहको विधायिकी प्रक्रिया सम्बन्धमा समन्वय गर्नुपर्ने, तहगतरूपमा संयुक्त क्षेत्राधिकारका विषयमा शीघ्र कानुन तर्जुमा गर्नुपर्ने रहेको छ।

स्थानीय तहको कानुन निर्माणमा सहजीकरणका लागि नमुना कानुन मस्यौदा गरी सहजीकरण गर्नुपर्ने साझा अधिकारका विषयमा कानुन निर्माण गर्दा सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ मा उल्लिखित प्रक्रिया अनिवार्य अवलम्बन गर्ने, जनप्रतिनिधि र कर्मचारीहरूको विधायिकी क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनुपर्ने सुझाव रहेको छ प्रतिवेदनमा सङ्घीय तहका लागि दिएको सुझावमा दोहोरोपना रहेका तथा बाँझिएका कानुनलाई स्पष्ट पार्नुपर्ने, स्थानीय तहका सरोकार समावेश गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई संशोधन गर्नुपर्ने, तहगतरूपमा संयुक्त क्षेत्राधिकारका विषयमा शीघ्र कानुन तर्जुमा गर्नुपर्ने, स्थानीय तहको कानुन निर्माणमा सहजीकरणका नमुना कानुन मस्यौदा गर्नुपर्ने रहेको छ।


**मधेश प्रदेश सरकार**

## स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**जनकपुरधाम, धनुषा**

## जनशक्ति सेवा करारमा पदपुर्ति सम्बन्धी सुचना


(प्रथम पटक सुचना प्रकाशित मितिः २०८०।१०।२३)

प्रस्तुत विषयमा मधेश प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लागि आवश्यक रहेको तपसिलका जनशक्तिहरु सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकोले आवश्यक कागजात सहित सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०८०।११।०८ सम्ममा) यस मन्त्रालयमा इच्छुक सम्बन्धित पद संग योग्यता पुगेका नेपाली नागरिकले आवेदन दिनु हुन यो सुचना प्रकाशित गरिन्छ।

**तपसिलः**

| सि.नं. | विज्ञापन नं | पद | संख्या | योग्यता |
|---|---|---|---|---|
| १ | ०८०।०८१।०१ | व.सिभिल इन्जिनियर | १ | सम्बन्धित विषयमा स्नातकोत्तर गरेको |
| २ | ०८०।०८१।०२ | सिभिल इन्जिनियर | १ | सम्बन्धित विषयमा स्नातकोत्तर गरेको |
| ३ | ०८०।०८१।०३ | बायोमेडिकल इन्जिनियर | १ | सम्बन्धित विषयमा स्नातक गरेको |
| ४ | ०८०।०८१।०४ | सब इन्जिनियर | १ | सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह गरेको |
| ५ | ०८०।०८१।०५ | आई टी सहायक | १ | सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र वा +द्द गरी कम्प्युटर तालिम लिएको |

१. माथिका विज्ञापनको हकमा सम्बन्धित परिषदमा म्याद सहितको दर्ता भएको हुनु पर्नेछ।
२. परिक्षाको किसिमः अन्तरवार्ता
३. सबै पदका लागि आवेदन दिने अन्तिम मिति सम्म १८ बर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको।
४. आवेदन दस्तुरः-बिज्ञापन नं १,२ र ३ का लागि रु १०००/- बिज्ञापन नं ४ र ५ को लागि ५००/-
५. सरकारी सेवाको लागि अयोग्य नठहरिएको हुनुपर्नेछ।
६. सि.नं. १, २ र ४ को हकमा भवन निर्माण सम्बन्धि न्यूनतम २ बर्षको अनुभव भएको हुनुपर्ने छ।
७. सम्बन्धित पद संग योग्यता पुगेका नेपाली नागरिकले सम्बन्धित पदको लागि उल्लेखित शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा देहायको खातामा जम्मा गरेको बैंक भौचर सहित यस मन्त्रालयमा आवेदन पेश गर्नु पर्नेछ।
Deposit Bank Account: 1220100202030000
Deposit Bank: RASTRIYA BANIJYA BANK LIMITED
Account Name: PRADESH LEKHA NIYANTRAK KARYALAYA, MADHESH PROVINCE
Office Code: 3700017012
Revenue Code: 14229
८. आवेदन फारम यस मन्त्रालयको वेब साइट www.mosd.madhesh.gov.np बाट डाउनलोड गर्न सकिनेछ।
९. थप जानकारीको लागि मन्त्रालयमा सम्पर्क गर्न सकिनेछ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# मैथिली विकास कोषलाई बधाई

मैथिली विकास कोषले जनकपुरधाममा आयोजना गरेको पाँच दिवसिय जनकपुरधाम साहित्य-कला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सव २०८० सफलतापूर्वक सम्पन्न गरेको छ। एउटै आयोजनमा कला-साहित्य, नाटक, सांस्कृतिक कार्यक्रम गर्नु आफैमा अत्यन्त चुनौतीपूर्ण कार्य हो । विभिन्न विधालाई एउटै मञ्चबाट लगातार पाँच दिनसम्म प्रस्तुत गर्ने आयोजन हाल सम्म कोष बाहेकको संस्थाले गरेको छैन् । नेपाल र भारतको कयौं सहरहरुमा लिट्रेचर फेस्टिवल अथवा नाट्य महोत्सव, कवि सम्मेलनको आयोजनाहरु हुने गरेका छन् । तर विविध क्षेत्रलाई समेटेर एउटै आयोजना गरिदैन् । नेपाल र भारतका उत्कृष्ट नाट्य संस्थाहरुको प्रस्तुति, मैथिली भाषाका ख्याति प्राप्त गायक गायिका, विद्वानहरुबीचको विभिन्न विषयगत वहस, कला प्रदर्शनी लगायतका कामहरु अत्यन्त महत्वपूर्ण हो । मैथिली विकास कोषले जनकपुरधाममा सफलता पूर्वक आयोजना गरेर अन्य निकायहरुलाई पनि अनेक आयोजन गर्न प्रेरित गरेको छ । मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले गरेका आयोजन ऐतिहासिक हो। हरेक २ वर्षमा आयोजना गरिने साहित्य-कला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सवले खास गरी मैथिली र मिथिलाको कला-साहित्य, संस्कृति, भाषा लगायतको संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण योगदान दिइरहेको छ। मैथिली भाषा र संस्कृतिको क्षेत्रमा काम गर्ने नेपाल र भारतमा सयौं संघसंस्थाहरु छन् । तर यस प्रकारको आयोजन गर्ने संघसंस्थाहरुमा मैथिली विकास कोष एकमात्र संस्था हो । उद्योग, व्यवसायको अवस्था दयनीय रहेको समयमा पनि पाँच दिन सम्म कुनै आयोजनलाई सफल बनाउनु महत्वपूर्ण कार्य हो । आर्थिक गतिविधि कमजोर रहेको र प्रतिकूल समयमा पनि कोषले आयोजनालाई निरन्तरता दिनु पनि ठूलो उपलब्धि हो ।कार्यक्रममा समेटिएका विषयवस्तुहरु उपर विद्वत वर्गबाट छलफल गराएर सकारात्मक परिणाम निकाल्नु पनि कोषका लागि उपलब्धि हो। कोषको आयोजनाको क्रममा आएका विभिन्न सुझावहरुलाई सम्बन्धित निकायहरुले पनि आत्मसात गर्न सके आयोजन झन उपलब्धिमूलक हुनेछ। मैथिली क्षेत्रको विकासको नाममा विगतमा पनि अनेकौ कथित अगुवा, संघसंस्थाहरुले असुली नगरेको होइन् । तर सकारात्मक काममा लगानी भएको देखिएन् । विभिन्न विधाका हस्ती र नवप्रतिभालाई एउटै मञ्चमा राखेर आधुनिक परिवर्तनबारे साक्षात्कार गराउनु पनि कोषको उपलब्धि हो । आयोजनको क्रममा कतिपय कमीकमजोरीहरु भए होलान् ?त्यसलाई अगामी दिनमा सच्याउँदै जानु पर्छ । अत्यन्त फरक र विशिष्ट किसिमको कार्यक्रमलाई निरन्तरता दिएर संस्था र संस्थाका पदाधिकारीहरु बधाईका पात्र बनेका छन् ।

# रक्तदानको विश्व अभियान



अर्जुनप्रसाद मैनाली

रगतबिनाको जीवनको कल्पना पनि गर्न सकिँदैन । स्वेच्छाले रगत दान गर्नुलाई नै रक्तदान भनिन्छ । नेपालमा बर्सेनि करिब तीन लाख युनिट रगत चाहिन्छ तर जहिल्यै अभावका समाचार आइरहेका हुन्छन् । पछिल्लो समय बाढी, पहिरा, भूकम्पजस्ता प्राकृतिक कारणदेखि सडक दुर्घटना एवं स्वदेशमै अनेक जटिलखालका रोगहरूको शल्यक्रियाको सुविधा पनि उपलब्ध भएसँगै रगतको माग आकासिएको छ । ब्लड बैंकहरूले पनि आवश्यक मात्रामा सेवाग्राहीलाई रगत उपलब्ध गराउन सकिरहेका छैनन् । योग्य व्यक्तिहरूले पनि रक्तदान नगर्ने प्रवृत्तिले गर्दा देशमा रगतको अभाव भएको छ।

स्वस्थ शरीर, मानसिक सन्तुलन ठीक, कम्तीमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको र कम्तीमा ४५ केजी तौल भएको, मलेरिया, क्षयरोग, जन्डिस, मधुमेह तथा एचआइभी/एड्स नलागेको व्यक्ति रक्तदान गर्न योग्य मानिन्छन् । गर्भवती र महिनावारीको समयमा र सुत्केरी भएको छ महिनाभन्दा अगाडि रक्तदान गर्नु हुँदैन । रक्तदान गर्दा कतिपय मुटुजन्य रोगका समस्या र कतिपय मधुमेहजन्य रोगका समस्या निदान हुने विभिन्न स्वास्थ्य अनुसन्धानले प्रमाणित गरेको छ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार विकसित देशमा एक हजारमा ३३ दशमलव चार जना, विकाशोन्मुख देशमा ११ दशमलव सात जना र अल्पविकसित देशमा चार दशमलव छ जनाले मात्र रक्तदान गर्ने गर्दछन् । विश्वको जनसङ्ख्याको दुई प्रतिशतले मात्र रक्तदान गर्दा पनि बिरामीको उपचारको लागि रगत अभाव हुँदैन भन्ने तथ्याङ्क छ।

### रक्तदान किन आवश्यक छ ?

वैज्ञानिकहरूले चिकित्सा क्षेत्रमा अकल्पनीय आविस्कारहरू गरी क्यान्सर, मिर्गौला प्रत्यारोपण, ठूला एवं जटिल रोगहरूको उपचार पनि सम्भव गराएका छन् तर त्यस्ता रोगहरू उपचार गर्न मानव जीवनका लागि नभई नहुने रगतको विकल्प भने दिनसकेका छैन । प्राकृतिक प्रकोपका कारण बर्सेनि लाखौंले जीवन गुमाउने गर्दछन् भने करोडौंको सङ्ख्यामा घाइते हुन्छन् । त्यस्तै मानव निर्मित सडक दुर्घटना, युद्धजस्ता कारणले समेत बर्सेनि ठूलो सङ्ख्यामा मानवीय क्षति हुने गरेको छ । यसका अलावा सरुवा रोगलगायत विभिन्न प्रकोपका कारण लाखौंको ज्यान जान्छ। साथै गरिब परिवारका गर्भवती, सुत्केरी तथा नवजात शिशुको रगतमा हेमोग्लोबिनको मात्रा कम भएकालाई उपचार गर्न रगत आवश्यक पर्दछ।

कुनै पनि बिरामीको उपचारका क्रममा रगत आवश्यक हुन गएमा अर्को स्वस्थ मानिसलाई रक्तदान गराउनुबाहेक अर्को विकल्प छैन । आफ्नो शरीरको अमूल्य रगतबाट अरुको जीवन बचाउन सकिने भएकाले नै रक्तदानलाई जीवनदान भन्ने गरिएको हो । हामीले शरीरमा भएको रगत दान नगरे पनि तीन महिनामा त्यो रगत त्यत्तिकै खेर जान्छ । खेर जाने रगत दान गर्दा कसैको ज्यान बच्छ भने किन नगर्ने भन्ने भावनाको विकास हुन जरुरी छ। त्यसैले रक्तदानभन्दा अर्को ठूलो पुण्य काम केही हुँदैन ।


### रक्तदान कतिपटक गर्न सकिन्छ ?

मानिसको शरीरमा रगत बोनम्यारोमा बन्छ । शरीरमा हरेक १२० दिनमा नयाँ रगत बन्दै जाने र पुरानो रगत नष्ट हुने गर्दछ। पुरुषमा ७६ र महिलामा ६६ मिलीलिटर प्रतिकिलोग्राम रगत हुन्छ । मानिसलाई दैनिक काम गर्नका लागि ५० मिलीलिटर रगत प्रतिकिलोग्राम आवश्यक पर्दछ । एकजना स्वस्थ एवं ४५ किलोग्राम तौल भएको व्यक्तिले आठ मिलीलिटर प्रतिकिलोग्राम अर्थात् तीन सय ६० मिलीलिटर रगत सजिलैसँग दान गर्न सक्छ । यो रगत दिँदा हाम्रो शरीरमा कुनै कमजोरी हुँदैन । दान गरेको रगतको परिणाम कुनै पनि तीन सय ६० मिलीलिटर पेय पदार्थबाट र दैनिक खानपानबाट केही दिनमा आफैं बनेर पूर्ति हुने भएकाले रक्तदान गर्न सकिन्छ। रगत निकाल्दा यसले कमजोरी बनाउँदैन तर आफ्नो शरीरमा सञ्चालन भएको रगत एकाएक निकाल्दा रगतका कोशिका र नसाहरूमा केही गडबड भने हुन्छ। यसले कसैकसैलाई केही अप्ठ्यारो हुन्छ तर तरल पदार्थको यथेष्ट खाएका एक-दुई दिनमा नै यथारूपमा आउँछ।

एउटा स्वस्थ व्यक्तिको शरीरमा चारदेखि पाँच लिटर रगत हुन्छ। त्यसमध्येबाट ३५० मिलीलिटर मात्र रगत लिइरहेका हुन्छौं । दुर्घटना, प्रसूति, शल्यक्रिया तथा अन्य रोगका कारण शरीरमा रगतको कमी भएका बिरामीलाई रगत दान गरी उनीहरूलाई बचाउन सकिन्छ । विश्वभरि रक्तदान गर्नेमध्ये एक प्रतिशतभन्दा कमले मात्र सयौंपटक रक्तदान गर्न सकेका छन् । नेपालको परिपेक्ष्यमा १८ वर्ष पूरा भएका, ६५ वर्ष ननाघेका र ४५ किलो वजनका भएका व्यक्तिले हरेक ९० दिनमा रक्तदान गर्न सक्छन्। अमेरिका र क्यानडामा हरेक ५६ दिनमा रक्तदान गर्न सकिन्छ भने १६ वर्ष पुगेका र ७५ वर्ष ननाघेका व्यक्तिहरूले वर्षमा छ पटकसम्म रक्तदान गर्न सक्छन्।

### रक्तदानप्रति युवाको आकर्षण कसरी बढाउने ?

नेपालमा पछिल्लो समय रक्तदानबारे सचेतना त बढेको छ, तर अभावलाई पूर्ति गर्न सकेको छैन। दाताहरू पनि रक्तदान गर्न सहजरुपमा उपस्थिति हुँदैनन् । रगतको स्रोत स्वस्थ्य युवाहरू नै हुन् । रक्तदान जीवनदान भन्ने कुरा सबैलाई थाहा छ। रगत दिएर अरुलाई बचाउन सकिन्छ भन्ने पनि थाहा छ, तर पनि युवाहरू रक्तदानमा सहभागी हुँदैनन। आमरूपमा रक्तदान गर्नुपर्छ भन्ने चेतना जगाउन जरुरी छ । अहिले काठमाडौंमा प्रतिदिन झण्डै पाँच सय युनिट रगत चाहिन्छ। तर स्वयंसेवीहरूबाट करिब एक सय ५० युनिटमात्र रगत दान गरेको पाइन्छ। यसले गर्दा दैनिक झण्डै तीन सय बिरामीले रगत नपाउने स्थिति छ । नेपालको जनसङ्ख्या करिब तीन करोडमध्ये एक प्रतिशतले पनि रक्तदान गरेका छैनन् । देशभरिमा झण्डै सवा तीन लाख युनिट रगत चाहिन्छ। गत वर्ष लगभग दुई लाखले मात्र रक्तदान गरेका थिए।




प्रविणता प्रमाणपत्र तहमा अङ्ग्रेजी पाठ्यपुस्तकको 'द ब्लड डोनर' पाठबाट प्रेरित भई रक्तदान कार्यमा आफूलाई समर्पण गरेको मैले विगत ४० वर्षदेखि निरन्तर रक्तदानको माध्यमबाट बिरामीलाई नयाँ जीवन दिँदै आएको छु। युवाहरूमा रक्तदानको महत्वबारे अवगत गराउन विद्यालय, विश्वविद्यालयका पाठ्यक्रमहरूम रक्तदानसम्बन्धी पाठ्यसामग्री समावेश गर्नु जरुरी छ। पाठ्यपुस्तकमा रक्तदानबारे एउटा सानो पाठ राखिदियो भने ती विद्यार्थीलाई रक्तदान गर्न उत्प्रेरणा मिल्छ। रक्तदानको महत्वबारे समाजमा अझै अनेक अविश्वास, भ्रम र चेतनाको अभाव रहेको पाइन्छ । त्रिवि मातहतको सरस्वाती क्याम्पसको समाजशास्त्र विभागले सन् २०२२ मा गरेको रक्तदानबारे सामाजिक बुझाइसम्बन्धी अध्ययनमा पनि अझै यो अवस्था रहेको पाइएको छ। अध्ययनमा नेपालमा रक्तदानको दर न्यून रहेको, अत्यावश्यक अवस्थामा बाहेक रक्तदान गर्न तयार नरहेको, रक्तदान गर्दाका असर र फाइदाबारे जानकारी नभएको, सामाजिक चेतनाको अभाव, रक्तदानका लागि उत्प्रेरणा बढाउन नसकिएकोलगायतका विषय औंल्याएको छ। अर्को कुरा रक्तदानसम्बन्धी काम गर्ने नेपाल रेडक्रसको रक्तसञ्चार सेवा, नेपाल सरकारको केन्द्रीय रक्त ब्यूरोले रक्तदान कार्यक्रम बढाउनका लागि स्थानीय सङ्घसंस्थालाई प्रोत्साहन गर्नुपर्छ।

### रक्तदानको अभियान

'म एक्लैले यस संसारलाई दयारुपी संसारमा बदल्न सक्दिन तर संसाररुपी पानीमा एउटा पत्थर फ्याँकेर समाज सेवाको हलचल मच्चाइ मानव सेवाका लागि मनुष्यमा दया पैदा गर्न सक्छु' भन्ने मदर टेरेसाको भावनाबाट प्रेरित भएर नै मैले पनि रक्तदानको अभियानलाई विश्वव्यापी बनाउन खोजेको हुँ । मान्छेहरूलाई बचाउन सकुँ र समुदायलाई पनि उत्प्रेरणा दिने नै मेरो अभियान रहेको छ । रगत दान गर्दा कमजोरी भइन्छ भन्नेहरूका लागि रक्तदान गरेर कमजोरी हुँदैन भनेर बुझाउनु मेरो अर्को उद्देश्य हो।

बिरामीलाई रगत उपलब्ध गराउन, युवाहरूलाई रक्तदान गरेर कमजोर भइँदैन भनेर बुझाउनका लागि १९९० डिसेम्बर ५ मा रक्तदान गरेको एक घण्टापछि विभिन्न जिल्लाहरूमा साइकलयात्रा गरेको थिएँ । सन् २०२२ नोभेम्बरसम्म विश्वका छवटै महादेशका १४ वटा देशमा पुगी त्यहाँ बसोबास गरेका नेपाली समुदायमा रक्तदान गर्न उत्प्रेरणा गरेको छु र आफूले पनि दुई सय पाँचपटक रक्तदान गरेको छु । यस अभियानबाट छ सय १५ जना बिरामीलाई बचाउन सक्नु आफैंमा असाधारण काम हो भन्ने लाग्दछ।

प्राकृतिक प्रकोप, दुर्घटना र युद्धमा घाइते भएका मानिसलाई बचाउन रगतको ठूलो भूमिका हुन्छ। रगत खेर जाने चिज होइन, यो सबैलाई चाहिने कुरा हो, असह्य भएर पनि अरुलाई रगत दिनु र उसलाई बचाउनु चानचुने कुरा होइन। मेरो रक्तदानको यात्रा एउटा देश वा भूगोलमा सीमित छैन। मैले आफ्नै साधन, स्रोत, समयमा यो अभियानलाई विश्वव्यापी बनाउने जमर्को गरेको हुँ। यसले विश्वमा नेपालको परिचय गराउन मद्दतमात्र पुगेको छैन, मानवीय भावनाको विस्तार पनि भएको छ। अझै ५० वर्षसम्म पनि रगतको विकल्प आउन कठिन रहेकाले देश र विदेशमा पुगेर रक्तदानको आवश्यकता, महत्व र उपयोगिताका बारेमा जनचेतना बढाउने मेरो अभियान कायमै रहनेछ।

*(प्रस्तुत विचार लामो समयदेखि अमेरिकामा बस्दै आउनुभएका र हालै नेपाल भ्रमणमा आउनुभएका मैनालीसँग कुराकानीमा आधारित)*

# संघीय निजामती सेवा ऐनमा खुम्चँदै सीमान्तकृत समुदायको आरक्षण कोटा



मेघराज शंकर

संसद्को यही हिउँदे अधिवेशनमा संघीय निजामती सेवा विधेयक पनि पारित हुने चर्चा छ। मुलुकमा नयाँ संविधान जारी भएको र संघीय शासन प्रणाली लागू भएको झण्डै आठ वर्ष पूरा भएको छ। संविधानको कार्यान्वयन तथा शासन प्रणाली सञ्चालनको लागि स्थायी सरकार मानिने निजामती सेवालाई संविधान र परिवर्तित शासन प्रणाली अनुरूप व्यवस्थित गर्न बन्ने ऐनमा सीमान्तकृत समुदायको लागि समावेशीकरणका प्रावधानहरू भने हालको व्यवस्था भन्दा प्रतिगामी तबरले प्रस्ताव भएको छ।

संसद्मा दलित, आदिवासी जनजाति, मधेशी, थारू लगायत सांसदहरूको भूमिकाले संघीय निजामती सेवा ऐनमा सीमान्तकृत समुदायको समावेशीकरण व्यवस्था कस्तो हुने भन्ने सवाल निर्धारण गर्ने भएकोले नीति बहसका लागि यसका अन्तरवस्तु केलाउनु आवश्यक छ।

संघीय निजामती सेवा ऐन प्रशासनिक संघीयताको छाता ऐन हो र अन्य सार्वजनिक सेवाहरूका लागि समेत नजिर कानुनको रूपमा रहने गर्दछ। मुख्य गरेर नेपाली सेना, नेपाल प्रहरी लगायत अन्य सार्वजनिक संस्थानहरूमा समेत आरक्षण कोटा निर्धारण गर्ने क्रममा यो ऐन एउटा महत्वपूर्ण आधार बन्न सक्छ।

सार्वजनिक सेवा प्रवाह, विकास निर्माण लगायत अन्य विषयगत कानुन कार्यान्वयनको लागि पनि यो ऐनको विशेष महत्व रहेको छ। यस प्रकारको बृहत् महत्वको ऐनमा गरिएको समावेशीकरण सम्बन्धी प्रावधानहरूमा मूलत; जातीय समावेशीकरण बारेका प्रावधानहरू निकै विरोधाभासपूर्ण हुने देखिएका छन्। यी प्रावधानहरू कुनै सीधै प्रस्तुत गरिएका छन् भने कुनै सेवा शर्तलाई आड बनाएर घुमाउरो तवरले सीमान्तकृत समुदायको सहभागिता माथि प्रहार गरिएका छन्। संघीय निजामती सेवा ऐनमा प्रस्ताव गरिएका मुख्य ६ वटा प्रावधानहरूले संविधानको मर्म र सीमान्तकृत समुदायको अधिकार विपरीत जातीय आरक्षण प्रणालीलाई गिजोल्ने प्रयास गरिएको छ।

पहिलो, समावेशी समूह बमोजिमको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा राजपत्रांकित श्रेणी वा अधिकृतस्तरको पदमा एक पटक र राजपत्र अनङ्कित वा सहायकस्तरको पदमा एक पटक मात्र लिन पाउनेछ भन्ने व्यवस्था प्रस्ताव गरिएको छ। यसलाई एउटै व्यक्तिमा अवसर केन्द्रित गर्नुभन्दा अन्यलाई पनि अवसर दिनुपर्छ भनेर तर्क गर्ने गरिएको छ। तर यस व्यवस्थाले सीमान्तकृत समुदायलाई खुला प्रतिस्पर्धाबाट प्रशासनको माथिल्लो निकायमा जान सक्ने अवसरलाई खुम्च्याइदिएको छ।

> निजामती सेवाको नीति निर्माण प्रक्रियाको कार्यकारी तहमा अनुभवी कर्मचारी आवश्यक हुने भएको उक्त पदमा अनुभव कम भएका नयाँ कर्मचारी भन्दा बढुवा गरेर अनुभवी कर्मचारीलाई पुऱ्याउँदा सेवामा प्रभावकारिता अभिवृद्धि हुन्छ भन्ने गरिएको छ। हालको निजामती सेवा ऐनमा कुल पदको १० प्रतिशत पदमा खुला प्रतिस्पर्धाको माध्यमबाट पदपूर्ति हुँदै आएकोमा नयाँ बन्ने ऐनमा उक्त व्यवस्था राख्नुहुँदैन भन्नु नीतिनिर्माण तहमा सीमान्तकृत समुदायको सहभागितामा तगारो लगाउन अन्तरनिहित स्वार्थ हो भन्ने बुझ्न सकिन्छ।

अहिले पनि समावेशीकरणका लागि छुट्याइएका कतिपय पदहरू माग अनुसार पूर्ति हुनसकेका छैनन्। सेवाभित्रका अनुभवी उम्मेदवारहरूलाई समावेशी कोटामा रोक लगाउँदा यो अवस्था झन् पेचिलो बन्न सक्छ।

एक व्यक्तिले एकपटक मात्र समावेशीकरणको अवसर पाउनुपर्छ भन्ने व्यवस्थाले निजामती सेवामा समावेशीकरणको व्यवस्था व्यक्तिगत अवसरका लागि मात्र नभएर सामूहिक प्रतिनिधित्व र अधिकारका लागि हो भन्ने समावेशीकरणको सैद्धान्तिक मान्यतालाई नै निरुत्साहित बनाएको छ।

दोस्रो, एउटै व्यक्तिले एकभन्दा बढी समूहबाट प्रतिस्पर्धा गर्न पाउने व्यवस्था रहेछ भने निजले त्यस्ता समूहमध्येबाट रोजेको कुनै एउटा समूहबाट मात्र प्रतिस्पर्धा गर्न पाउने व्यवस्था प्रस्ताव गरिएको छ। यस व्यवस्थाले समावेशी व्यवस्था उत्पीडनमा परेका तथा सीमान्तकृत समुदायको लागि हो खास समुदायहरू बहुउत्पीडनमा छन्, उनीहरूले अवसर पाउँदा पनि त्यही यथार्थता अनुसार पाउनुपर्छ भन्ने मान्यतालाई आत्मसात् गरेको छैन। जस्तै कुनै मधेशी दलित महिलाले महिला, दलित र मधेशीबाट प्रतिस्पर्धा गर्न पाउने रहेछ भने उसले उक्तमध्ये कुनै एकबाट मात्र प्रतिस्पर्धा पाउने व्यवस्था गरेर प्रतिस्पर्धा साँघुरो बनाइएको छ।

शासन सञ्चालनको स्थायी संयन्त्र मानिने निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन समावेशीकरणको व्यवस्थालाई संविधानको मर्म अनुसार लागू गर्नु सम्बन्धित सबैको दायित्व हो

पिछडिएको क्षेत्रका दलित, आदिवासी जनजाति, मधेशी र थारूले उक्त समूहकै कोटा प्रतिशत बढी भएकोले संभावना सम्बन्धित समूहमा नै देखिने हुँदा पिछडिएको क्षेत्र नरोज्ने संभावना बढी हुन्छ। त्यसैले पिछडिएको क्षेत्रको लागि छुट्याइएको कोटा घुमाउरो तबरले खसआर्यलाई नै सुरक्षित गरिएको देखिन्छ।

समावेशीकरण व्यवस्थाको मर्म सीमान्तकृत समुदायको मूलप्रवाहीकरण हो तर वर्चश्वशाली समुदायलाई बढी लाभ हुने गरी अवसर बाँडफाँट गर्दा संविधानको व्यवस्थासँग तालमेल मिलेको देखिँदैन।

तेस्रो, समावेशी समूहका लागि छुट्याइएको पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा कुनै उम्मेदवारले न्यूनतम अङ्क हासिल गरी उत्तीर्ण हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने सोही समूहको विज्ञापनमा समावेश गर्नुपर्नेछ।

त्यसरी विज्ञापन गर्दा पनि उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद सोही वर्ष खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गर्नुपर्नेछ भन्ने प्रावधान उल्लेख छ। समावेशी समूहको लागि छुट्याएको पद खुलामा समावेश गरी पदपूर्ति गर्दा समावेशी समूहले प्राप्त गर्ने कुनै पद दशकौं पछि पनि धकेलिन सक्छ।

समावेशी व्यवस्था र सशक्तीकरण एकअर्काका पूरक हुन्। समावेशी व्यवस्थासँगै सशक्तीकरण आवश्यक छ। त्यसैले कुनै वर्ष खास समूहका लागि छुट्याइएको पदमा पदपूर्ति हुनसकेन भने सशक्तीकरणका कार्यक्रम सञ्चालन गरेर सोही समूहबाट नै पदपूर्ति हुने व्यवस्था गर्नुपर्ने राज्यको दायित्वबाट पन्छिएर अवसर नै गायब गर्दिनु सामाजिक न्याय विपरीत छ।

चौथो, बढुवाको लागि उम्मेदवार हुन चाहने न्यूनतम सेवा अवधि र योग्यता राजपत्र अनंकित श्रेणीको लागि तीन वर्ष र राजपत्रांकित तहको लागि पाँच वर्षको हुनुपर्ने प्रस्ताव गरिएको छ। हालको निजामती सेवा ऐनमा समावेशी समूहको लागि एक वर्ष कम भए हुने भन्ने विद्यमान कानुनी व्यवस्था छ। तर प्रस्तावित ऐनले उक्त सहुलियत समेत कटौती गरेकोले बढुवा अवसरमा समेत सीमान्तकृत समुदायको लागि संघीय निजामती सेवा ऐन प्रतिगामी देखिन्छ।

पाँचौं, समावेशी व्यवस्थाका लागि छुट्याइएको पदमध्ये ४९ प्रतिशतलाई शतप्रतिशत मानी त्यसको ५० प्रतिशतमा समावेशीबाट महिला मात्र र बाँकीमा समावेशी समूहका उम्मेदवारबीच प्रतिस्पर्धा हुने व्यवस्था प्रस्ताव गरिएको छ। जसमध्ये दलित १२.५, आदिवासी जनजाति २५.४, खस आर्य २७.२, मधेशी १५.३, थारू ६.६, मुस्लिम ४, पिछडिएको क्षेत्र ४ र अपाङ्गता भएका व्यक्ति ४ प्रतिशत छुट्याइएको छ।

बाँकी पदलाई शतप्रतिशत मानी दलित १५.५, आदिवासी जनजाति ३२.५, विपन्न खस आर्य १०, मधेशी १९, थारू ९, मुस्लिम ५, पिछडिएको क्षेत्र ५ र अपाङ्गता भएका व्यक्ति ४ प्रतिशत छुट्याइएको छ।

समावेशी व्यवस्थाका लागि छुट्याइएको ५० प्रतिशत महिलाका लागि सुरक्षित गर्नाले महिलाको सहभागिता विगत भन्दा बढ्ने देखिए तापनि महिलाभित्रको विविधतामा बाँडफाँट गर्दा निकै चलख्याइँ गरिएको छ। खस आर्य महिलाका लागि २७.२ प्रतिशत छुट्याइएको छ। तर एकभन्दा बढी समूहबाट प्रतिस्पर्धा गर्न नपाउने व्यवस्था गरिएकोले समावेशीकरणको लागि छुट्याइएका पद संख्यामध्ये खसआर्य महिलाको प्रतिशत र बाँकी खस आर्य समूहका लागि छुट्याएको १० प्रतिशत गरी जम्मा ३७ प्रतिशत सिट घुमाउरो पाराले खस आर्यको लागि नै सुरक्षित गरिएको छ।

छैटौं, संघीय निजामती सेवाको पदपूर्ति सम्बन्धी व्यवस्थामा राजपत्रांकित प्रथम श्रेणीको पदमा खुलाबाट १० प्रतिशत पद पूर्ति गर्ने प्रस्ताव गरिएको भएता पनि यो पदमा खुला प्रतिस्पर्धा रहनुहुँदैन भन्ने मत पनि बलियो छ। निजामती सेवामा राजपत्रांकित प्रथम श्रेणीको पद नीति विश्लेषण र निर्णयको भूमिकामा रहने कार्यकारी पद हो।

निजामती सेवाको नीति निर्माण प्रक्रियाको कार्यकारी तहमा अनुभवी कर्मचारी आवश्यक हुने भएको उक्त पदमा अनुभव कम भएका नयाँ कर्मचारी भन्दा बढुवा गरेर अनुभवी कर्मचारीलाई पुऱ्याउँदा सेवामा प्रभावकारिता अभिवृद्धि हुन्छ भन्ने गरिएको छ। हालको निजामती सेवा ऐनमा कुल पदको १० प्रतिशत पदमा खुला प्रतिस्पर्धाको माध्यमबाट पदपूर्ति हुँदै आएकोमा नयाँ बन्ने ऐनमा उक्त व्यवस्था राख्नुहुँदैन भन्नु नीतिनिर्माण तहमा सीमान्तकृत समुदायको सहभागितामा तगारो लगाउन अन्तरनिहित स्वार्थ हो भन्ने बुझ्न सकिन्छ।

किनभने बढुवा प्रणालीमा समावेशी व्यवस्था छैन तर खुला प्रतिस्पर्धामा समावेशी व्यवस्था अनिवार्य छ। त्यसैले खुला प्रतियोगिताबाट प्रवेश गर्ने व्यवस्था गरियो भने समावेशी समूहले प्रवेश पाउँछन् भनेर बाटो नै बन्द गर्नुपर्छ भन्ने मनसायले निर्णय तहको कार्यकारी पदमा खुला प्रतिस्पर्धाको विरोध हुने गरेको छ।

नेपालको संविधानले नेपाललाई स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा परिभाषित गरेको छ। शासन सञ्चालनको स्थायी संयन्त्र मानिने निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन समावेशीकरणको व्यवस्थालाई संविधानको मर्म अनुसार लागू गर्नु सम्बन्धित सबैको दायित्व हो ।

# 'मानव अधिकारमैत्री व्यवस्था नै सरकारको प्राथमिकता हो'



टुडे समाचारदाता

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले मानव अधिकारमैत्री व्यवस्था नै सरकारको प्राथमिकता भएको बताएका छन् ।

सिंहदरबारमा मंगलबार आयोजित मानव अधिकार पुरस्कार वितरण समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले मानव अधिकारसँग सबै अधिकारलाई सरकारले उच्च सम्मान गर्दै आएको बताएका हुन् ।

प्रधानमन्त्री दाहालले भने, "सुशासन, पारदर्शीता, जवाफदेहिता, कानुनको शासनको जगमा मानव अधिकारमैत्री व्यवस्था सुनिश्चित गर्नु सरकारको प्राथमिकता हो ।" उनले मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताए ।

"नेपालको संविधान, कानुन, आवधिक योजना, सरकारका नीति तथा कार्यक्रम, संस्थागत व्यवस्था सबैको आधारस्तम्भ मानव अधिकार नै हो", प्रधानमन्त्री दाहालले भने, "मानव अधिकारबिना मानवीय मर्यादा, मूल्यमान्यता र मानव सभ्यताको संरक्षण हुन नसक्ने यथार्थतालाई सरकारले स्वीकार गरेको छ ।"

मानव अधिकारसँग सम्बन्धित अधिकांश अधिकार संविधानको मौलिक हकका समावेश गरिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले मानव अधिकारको संरक्षणको जिम्मेवारी,प्रभावकारी अनुगमन र सुपरीवेक्षण गर्ने राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोगलगायत विभिन्न संवैधानिक आयोगको स्थापना भई क्रियाशील रहेको बताए ।

मानव अधिकारको हननमा स्वतन्त्र र सक्षम न्यायपालिकाबाट कानुनी उपचार गर्ने संवैधानिक प्रत्याभूति गरिएको बताउँदै प्रधानमन्त्री प्रचण्डले भने, "मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गैरसरकारी संस्था, नागरिक समाजसँगको समन्वयात्मक रूपमा मात्र सफल हुने कार्य भएको हुँदा मानव अधिकारको क्षेत्रमा सम्बद्ध क्रियाशील निकायको महत्वपूर्ण भूमिकालाई उपयोग गरी विभिन्न चेतनामूलक कार्यक्रम सशक्त बनाइएका छन् ।"

प्रधानमन्त्रीले मानव अधिकारसँग जोडिएका क्षेत्रमा लगानी अभिवृद्धि गरी जनताको जीवनस्तरमा सुधार्ने सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै मानव अधिकारका क्षेत्रमा काम गर्ने व्यक्ति र संस्थालाई उच्च कदर गर्ने उद्देश्यका साथ सरकारले मानव अधिकार पुरस्कार कोष स्थापना गर्ने निर्णय गरेको बताए ।

अन्तर्राष्ट्रियरूपमा नेपाल पक्ष भएका सन्धिसम्झौताअन्तर्गतका दायित्वलाई पूरा गर्न सरकार क्रियाशील रहेको बताउँदै प्रधानमन्त्रीले दाहालले भने, "मानव अधिकारसम्बन्धी अन्तर ाष्ट्रिय मञ्चमा सक्रिय सहभागिता जनाइ मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनका लागि विश्वव्यापी रूपमा नै नेपालले ऐक्यबद्धता प्रकट गर्दै तदनुरुप काम गरिरहेको छ ।"

सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका निर्धारण गरी तीनै तह र मानव अधिकारको क्षेत्रमा क्रियाशील सङ्घसस्था, नागरिक समाजको समन्वयमा यससम्बन्धी कार्ययोजना प्रभावकारी कार्यान्वयनलाई जोड दिइएको प्रधानमन्त्री प्रचण्डले जानकारी दिए ।

उनले मानव अधिकारको सम्मान, संरक्षण तथा सम्बर्द्धनलाई संस्कृतिको रूपमा विकास गरी मानव अधिकारमैत्री गाउँ, समाज र राष्ट्र निर्माण गर्न अपिल गरे ।

# 'शून्य र विशेष समयमा उठाइएका विषय कार्यान्वयन भएनन्'

सुदूरपश्चिम । संसद्को शून्य समय र विशेष समयमा उठाइएका विषयका कार्यान्वयनमा सरकारबाट पर्याप्त ध्यान नदिइएको मेरो अनुभव छ । संसद्को 'रोष्ट्रम' र 'फ्लोर'बाट मैले आफ्नो निर्वाचन क्षेत्रका समस्या, देशका जल्दाबल्दा विषयमा पटकपटक आवाज उठाएको छु र यस्ता विषयमा सरकारले कार्यान्वयन गर्ने प्रतिबद्धतासहित सकारात्मक जवाफ दिए पनि त्यसअनुरुपको काम विल्कुल भएको हुँदैन ।

खासगरी मैले नेपाल-भारत सीमा विवाद, कञ्चनपुरका आरक्षपीडित, हुलाकी राजमार्गको निर्माणमा ढिलाइसमेतका समस्याका साथै नदी कटान रोकथामजस्ता कञ्चनपुरका समस्या समाधानमा संसद्को शून्य र विशेष समयमा ध्यानाकर्षण गराएको थिएँ, सरकारले समस्या समाधान गर्छौं पनि भन्यो, तर कार्यान्वयन नगरेर पूर्वाग्रही व्यवहार देखायो ।

मैले यसअघि पनि पाँचवर्षे कार्यकाल सुदूरपश्चिम प्रदेशसभा सदस्यको जिम्मेवारी बहन गरिसकेको अनुभव छ । प्रदेश र सङ्घीय दुवै सदनको काम गराइको अनुभव हासिल गर्ने अवसर प्राप्त गरेको छु । विधेयकमाथिको छलफलसमेतका कामको चापका सन्दर्भमा प्रतिनिधिसभा र प्रदेशसभामा केही फरक देखिएको अनुभव मैले पाएको छु ।

प्रदेश तहमा प्रदेशसभाको संरचना नयाँ भएकाले सुरुको पाँचवर्षे कार्यकालमा कानुन बनाउनमै सक्रियता देखाउनुपर्यो । प्रतिनिधिसभामा भने पर्याप्त विधेयक नहुँदा सक्रियता कम देखिएको छ ।

जनप्रतिनिधिको थलो संसद्लाई बलियो बनाउनका लागि हुनुपर्ने गतिविधि नभइरहेको अनुभव मेरो छ । सङ्घीयताको मर्म र भावनाअनुरुप संसद्मा गतिविधि पनि भइरहेको छैन । सङ्घीयताको ढाँचाअनुरुप तीनै तहका संरचनाको सहज सञ्चालनका लागि पर्याप्त ऐन, कानुन बनाउन सकिएको छैन ।

जनताको सर्वोच्च निकाय संसद्लाई कमजोर बनाउन नेताहरू लाग्नुहुँदैन । जनप्रतिनिधिको आवाज बोल्ने ठाउँ संसद्लाई बलियो बनाउने र जनताप्रति उत्तरदायी बनाउने काम नदेखिएको र कतिपय कामकारबाहीमा आफूअनुकूल व्याख्या हुने गरेको छ ।

संसद्, सरकार र न्यायपालिका ९व्यवस्थपिका, कार्यपालिका र न्यायपालिका०लाई बलियो बनाउनुपर्ने भए पनि त्यसो भइरहेको छैन ।



> हामीले सदनमा पनि प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ, साथै आफ्ना निर्वाचन क्षेत्रका विकास निर्माण र जनताका समस्याका बारेमा पनि निरन्तर जानकारी लिने र त्यसको समाधानमा लाग्नुपर्छ । हामीले सरकार र जनताको पुलको काम पनि गर्ने नै हो । जनतासँग हामी जोडिन सकेनौं भने हाम्रो उपादेयता जनताले देख्दैनन् ।

संसद्लाई फलदायी ढङ्गले अगाडि लैजाने मुख्य भूमिका त सरकारकै हुन्छ, संसद्लाई व्यवस्थित र सघनरूपमा अघि लैजान योजनाअनुसार हिँड्न जरुरी छ । विषयगत समितिका काममा र समितिले दिएका निर्देशनमा पनि तदारुकता देखाउनुपर्यो । संसद्को चालु अधिवेशनले सत्य निरुपणसमेतका कतिपय विवादित विधेयक सहमतिका आधारमा टुङ्गो लगाउने अपेक्षा गरेको छु । राष्ट्रिय महत्वका विधेयक पारित गर्न सकेमा संसद् र सांसदकै भूमिका बढ्ने मेरो विश्वास छ । यसपटक सभामुख र दलका नेताहरूले संसद्लाई व्यवस्थित तुल्याउन कार्यसूची नै बनाएर अघि बढ्ने तयारी गर्नुभएको छ, जुन निकै सकारात्मक पक्ष हो ।

मुलुकमा व्याप्त भ्रष्टाचार र बेथिति रोक्नेतर्फ यसको चुरो कुरामा ध्यान दिनुपर्नेमा त्यसमा कमी-कमजोरी भइरहेको देख्छु । सरकारले भ्रष्टाचार नियन्त्रण र रोकथामका लागि गरिरहेका कारबाही सतहीमात्र भइरहेको हो कि भन्ने आशङ्का उत्पन्न भएको छ । भ्रष्टाचार रोकथाममा पूर्वाग्रह राखेर, सत्ताको 'बार्गेनिङ' गरेर काम गर्नुभएन ।

प्रष्टरूपमा परिणाम देखिनुपर्यो । देशको अहिलेको अवस्थालाई नीतिगतरूपमै आशलाग्दो हुनेगरी काम गर्नुपर्यो । विगतका सरकारले गरेका राम्रा र महत्त्वपूर्ण कामलाई पनि निरन्तरता दिनुपर्यो ।

बहुदलीय लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलहरूबीच कतिपय मुद्दामा आपसमा आरोप-प्रत्यारोप हुने गरेको विषयलाई स्वाभाविक मानिने भए पनि देश विकास एवं समृद्धिका मुद्दामा दलहरू एक ठाउँमा आउन नसक्नु विडम्बना हो । यद्यपि दलहरू जनताको त्याग र बलिदानबाट प्राप्त वर्तमान सङ्घीय व्यवस्था जोगाउने सवालमा एक भएका छन् । संविधान र व्यवस्थाविरुद्धका गतिविधि सफल हुँदैनन् भन्ने मेरो बुझाई छ ।जनताले सुम्पेको जिम्मेवारी पूरा गर्नमा आफ्नो अथक प्रयास गरिरहेको छु । पार्टीले अघि सारेको समृद्ध नेपालको लक्ष्यबाट नै देशलाई सुखी र समृद्ध बनाउन सकिन्छ । दीर्घकालीन योजना, राष्ट्रिय महत्वका योजनाका साथै रोजगारी सिर्जनालाई प्राथमिकता दिनसके समृद्ध नेपाल बनाउन सकिन्छ ।

रोजगारी सिर्जनामा अहिले विशेष काम गर्नुपर्ने खाँचो छ । लाखौं युवा अहिले विदेशिनेक्रम बढेको छ । उनीहरूलाई नेपालमै अवसर छ भन्नेगरी आश्वस्त तुल्याउन सरकार र राजनीतिक दलहरूले विशेष ध्यान दिनु आवश्यक भइसकेको छ ।

विगतदेखि नै एउटा बहस निरन्तर हुँदै आएको छ । सङ्घीय सांसदको काम देशका जल्दाबल्दा विषयमा सदनमा कुरा राख्ने, विधेयक पारित गर्ने, सरकार बनाउने मात्र हो कि आफ्नो निर्वाचन क्षेत्रको विकास निर्माणमा पनि ध्यान दिने हो रु मेरो विचारमा जनताबाट प्रत्यक्ष निर्वाचित भएकाले हाम्रो दोहोरो दायित्व छ । हामीले सदनमा पनि प्रभावकारी भूमिका निर्वाह गर्नुपर्छ, साथै आफ्ना निर्वाचन क्षेत्रका विकास निर्माण र जनताका समस्याका बारेमा पनि निरन्तर जानकारी लिने र त्यसको समाधानमा लाग्नुपर्छ । हामीले सरकार र जनताको पुलको काम पनि गर्ने नै हो । जनतासँग हामी जोडिन सकेनौं भने हाम्रो उपादेयता जनताले देख्दैनन् ।

विसं २०३५-०३६ तिर झार्लाङमा गएको पहिराका कारण गाउँबाट विस्थापित भएपछि तत्कालीन सरकारले ल्याएको पुनर्वास कार्यक्रमअन्तर्गत कञ्चनपुरको पुनर्वास क्षेत्रमा म पनि बसोबास गर्न थालेको हुँ । तेह्र वर्षको कहिलो उमेरदेखि नै राजनीतिप्रति चासो राख्न थालेको थिएँ ।

मैले नेकपा (एमाले) पार्टी निकटको तत्कालीन अनेरास्ववियु (पाँचौं)को जिल्ला सदस्य, पार्टीको सङ्गठित सदस्य, गाउँ कमिटी सचिव, जिल्ला कमिटी सल्लाहकारको जिम्मेवारी बहन गरिसकेको छु ।

**सांसद तारा लामा तामाङको परिचय**

प्रतिनिधिसभा सदस्य तारा लामा तामाङ विसं २०३० मा धादिङ जिल्लाको झार्लाङमा जन्मिनुभएको थियो । उहाँ कञ्चनपुर जिल्ला निर्वाचन क्षेत्र-१ बाट नेकपा (एमाले)का तर्फबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको हो ।

यसअघि उहाँ सुदूरपश्चिम प्रदेशसभा सदस्य पनि रहिसक्नुभएको छ ।रासस

# परिणाम देखिने गरी काम गर्न अर्थमन्त्रीको निर्देशन

टुडे समाचारदाता

कपिलवस्तु । अर्थमन्त्री डा प्रकाशशरण महतले कर्मचारीका जायज माग पूरा गर्न आफू तयार रहेको भन्दै परिणाम देखिने गरी काम गर्न निर्देशन दिएका छन् । कृष्णनगर भन्सार र आन्तरिक राजश्व कार्यालयको मंगलबार निरीक्षणपछि कर्मचारीलाई निर्देशन दिँदै उनले भने, "को कहाँ र के जिम्मेवारीमा छ भन्नुभन्दा पनि परिणामका आधारमा मूल्यांकन हुन्छ ।"

अर्थमन्त्री डा महतले कर्मचारीले गरेको कामले दिखे परिणामका आधारमा मूल्याङ्कन हुने बताए । उनले व्यवसायको अनुशासन, पारदर्शिताका साथ यथार्थ मूल्याङ्कन गरिए राजश्वको लक्ष्य नजिक पुग्न कठीन नहुने बताए ।

व्यवसायको प्रकृति निरन्तर परिवर्तन भइरहेको विषयलाई मध्यनजर राख्न आग्रह गरे । आन्तरिक राजश्व र भन्सारको अन्योन्याश्रित सम्बन्ध रहेको उल्लेख गर्दै उनले भने, "कुन वस्तु कानुनीरुपमा आयो, कुन आएन भन्ने कुरा भन्सारबाट छुट्टियो भने राजस्वको कोणबाट व्यवसाय अनुगमन गर्न सजिलो हुन्छ ।" उनले अहिले धेरै वस्तुलाई भ्याटको दायरामा ल्याइएको भन्दै त्यसबाट कति कारोबार भयो ? कति आय भयो भन्ने पत्ता लगाउन सकिने बताए । "होटल, रेस्टुराँजस्ता सेवा व्यवसायको संख्या बढिरहेको छ ।

नयाँ व्यवसाय दर्ता भएर कति कारोबार गरिरहेका छन् भन्ने कुराको अनुगमन गरिराख्नुपर्छ । उनीहरुलाई कर प्रणालीमा जोड्नुपर्छ", उनले भने ।

मन्त्री डा महतले अनुशासन र पारदर्शीका साथ राजश्व बढाउनेतर्फ लाग्न कर्मचारीलाई निर्देशन दिए ।

" अनावश्यकरुपमा कसैलाई दुःख दिनु हुँदैन र आँखा चिम्लिनु पनि हुँदैन । जे गर्नुपर्ने हो त्यो अनिवार्य गर्नुपर्ने कुरामा गम्भीर हुनुपर्छ", उनले भने ।

# कांग्रेसद्वारा बुढाथोकीको निधनप्रति दुःख व्यक्त

टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेसले पार्टीका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री केशवकुमार बुढाथोकीको निधनप्रति गहिरो दुःख व्यक्त गरेको छ ।

पार्टी केन्द्रीय कार्यालय सानेपामा मंगलबार बसेको केन्द्रीय कार्यसमितिको आकस्मिक बैठकले पार्टीका केन्द्रीय सदस्य, संविधानसभा सदस्य एवं पूर्वसामान्य प्रशासनमन्त्री बुढाथोकीको निधनप्रति गहिरो दुःख व्यक्त गरेको हो ।

बुढाथोकीको विराटनगरस्थित विराट मेडिकल कलेजमा उपचारका क्रममा गएराति निधन भएको थियो । विसं २००१ असोज २२ गते पिता रणकेशर बुढाथोकी र माता नन्दकुमारी बुढाथोकीको सुपुत्रका रुपमा जन्मेका स्व बुढाथोकीले नेपाली कांग्रेसको सङ्गठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गरेको कांग्रेसले जनाएको छ ।

बुढाथोकीको सक्रिय योगदान पार्टीको इतिहासमा सदा स्मरणीय रहने र उनको निधनबाट कांग्रेस मर्माहत र स्तब्ध भएको बताइएको छ । आकस्मिक बैठकले गहिरो दुःख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेको छ ।बैठकले मृतक आत्माको चिरशान्तिको कामनाका साथ शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गरेको छ । नेता बुढाथोकीको निधनमा कांग्रेसले माघ २३, २४ र २५ गते (तीन दिन) पार्टीको केन्द्रीय कार्यालय, प्रदेश कार्यालय र सबै जिल्ला कार्यालयमा झन्डा आधा झुकाउने र पूर्वनिर्धारित सबै कार्यक्रम स्थगित गर्ने निर्णय गरेको छ ।

यस्तै बैठकले माघ २४ गते बुधबारका दिन केन्द्र, प्रदेश तथा जिल्ला कार्यालय बन्द गर्ने, स्वर्गारोहणको १३औँ दिनसम्म केन्द्र, प्रदेश र जिल्ला कार्यालयमा शोकपुस्तिका राख्ने र १३औँ दिनमा सम्बन्धित जिल्ला झापामा शोकसभाको आयोजना गर्ने निर्णय गरेको पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए ।



नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री केशवकुमार बुढाथोकीको ८० वर्षको उमेरमा निधन भएको छ । अर्जुनधारा नगरपालिका-८ निवासी बुढाथोकी कांग्रेस पार्टीमा जुझारु, जनपक्षीय र साझा नेताका रूपमा परिचित थिए । उनकी पत्नी गीता बुढाथोकी, दुई छोरा आनन्द र शिशिर एवं दुई छोरी ममता र कविता बुढाथोकी छन् ।

कांग्रेस झापाका सचिव कृष्ण हुमागाईंका अनुसार लामो समयदेखि 'प्रोस्टेट क्यान्सर'को उपचार गराइरहेका उनको गत राति ११:३० बजे उपचारकै क्रममा विराटनगरको विराट मेडिकल कलेजमा निधन भएको हो ।

तत्कालीन पञ्चायतकालमै विसं २०४३ मा जनपक्षीय उम्मेदवार बनेर उनी राष्ट्रिय पञ्चायतको सदस्य निर्वाचित भएका थिए । यसपछि उनी जलस्रोत राज्यमन्त्री बनेका थिए । उनी विसं २०६४ मा कांग्रेसका तर्फबाट झापा क्षेत्र नं ५ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित भएका थिए भने विसं २०७० मा संविधानसभा सदस्य निर्वाचित भएका थिए ।

नेपाली कांग्रेसको सरकार गठन हुँदा उहाँ सामान्य प्रशासनमन्त्री नियुक्त भएका थिए । जनतामाझ उनी निडर र स्पष्ट वक्ता भनेर चिनिन्थे । तत्कालीन राजा वीरेन्द्र वीरविक्रम शाह र भुटानका तत्कालीन राजा जिग्मे सिग्मे वाङचुकसँगै दार्जिलिङको सेन्ट जोसेफ कलेजमा अध्ययन गरेको नेता बुढाथोकी पाँच दशकदेखि राजनीतिमा सक्रिय थिए । विसं २०२४ मा विद्यार्थी आन्दोलनमार्फत राजनीतिमा प्रवेश गरेका उनी पञ्चायतविरुद्धको आन्दोलनका क्रममा नौ महिना जेल पनि परेका थिए ।

पञ्चायतकालमा झापा जिल्ला पञ्चायतको सभापति र युवक सङ्गठनको सभापतिसमेत बनेका उनी केही समय पञ्चायतको समर्थक र बहुदलीय प्रजातन्त्रकालमा केही समय राष्ट्रिय प्रजातन्त्र पार्टीमा समेत सक्रिय बनेका थिए ।विगत दुई सातादेखि उनलाई प्रोस्टेटको समस्या जटिल भएपछि विराटनगरमा उपचारका लागि अस्पताल भर्ना गरिएको थियो । पार्टीभित्र आफ्ना विचार निडर भएर राख्ने र झापाको विकास निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको उनको निधनले कांग्रेसलाई ठूलो क्षति पुगेको पार्टीका जिल्ला सचिव हुमागाईंले बताए । उनको पार्थिव शरीर मंगलबार झापा ल्याइने र शवयात्रासहित कनकाई नदीमा अन्त्येष्टि गरिने पारिवारिक स्रोतले जनाएको छ ।


**श्री जनता राष्ट्रिय माध्यमिक विद्यालय धमौरा**

**(सिभिल ई.डिप्लोमा (९-१२) प्राविधिक)**

**बलवा न.पा.-१०, महोत्तरी, मधेश प्रदेश**

**शिक्षक आवश्यकता सम्बन्धी सूचना**

**दोश्रो पटक प्रकाशित मिति : २०८०/१०/२२**

उपरोक्त सम्बन्धमा यस विद्यालयका शिक्षक छनौट समितिको मिति २०८०/१०/२२ गतेको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको तपसिल बमोजिमका पदहरुमा करारमा नियुक्ति गर्नका लागि नियमानुसार खुल्ला प्रतियोगिताबाट छनौट गरिने हुँदा दरखास्त आह्वान गरिएको व्यहोरा अनुरोध छ ।

**(विज्ञापन प्रकाशन मिति : २०८०।१०।२२ गते, फाराम भर्ने अन्तिम मिति : २०८०।११।०८ गते सम्म)**

| सि.नं. | विज्ञापन नं. | पद | पद संख्या | तह/श्रेणी | परीक्षाको किसिम | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०१-२०८०/०८१ | प्रशिक्षक | २ (दुई) | म.शि.द्वितीय सरह | लिखित, अर्न्तवार्ता, प्रयोगात्मक | २५००।- |
| २ | ०२-२०८०/०८१ | भौतिक विज्ञान | १ (एक) | म.शि.द्वितीय सरह | लिखित, अर्न्तवार्ता, प्रयोगात्मक | २५००।- |
| ३ | ०३-२०८०/०८१ | रसायन विज्ञान | १ (एक) | म.शि.द्वितीय सरह | लिखित, अर्न्तवार्ता, प्रयोगात्मक | २५००।- |

**(१) विज्ञापन नं. ०१-२०८०/०८१ का लागि आवश्यक शर्तहरू :-**
(क) **शैक्षिक योग्यता** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक (BE IN CIVIL ENGINEERING) उत्तिर्ण गरेको र एक वर्षको कार्य अनुभव सम्बन्धित तहमा गरेको हुनुपर्ने छ ।
(ख) **उमेर** :- २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
(ग) **नागरिकता** :- नेपाली

**(२) विज्ञापन नं. ०२-२०८०/०८१ का लागि आवश्यक शर्तहरू :-**
(क) **शैक्षिक योग्यता** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर भौतिक विज्ञान (MSC - MASTER OF SCIENCE IN PHYSICS) उत्तिर्ण गरेको हुनुपर्ने छ ।
(ख) **उमेर** :- २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
(ग) **नागरिकता** :- नेपाली

**(३) विज्ञापन नं. ०३-२०८०/०८१ का लागि आवश्यक शर्तहरू :-**
(क) **शैक्षिक योग्यता** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर रसायन विज्ञान (MSC - MASTER OF SCIENCE IN CHEMISTRY) उत्तिर्ण गरेको हुनुपर्ने छ ।
(ख) **उमेर** :- २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
(ग) **नागरिकता** :- नेपाली

**दरखास्त फारामसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू :-**
(१) विद्यालयले ताकेको दरखास्त फाराम :- १ (एक) थान
(२) पासपोर्ट साइजको फोटो :- २ (दुई) प्रति
(३) एस.एल.सि. देखि चाहिने योग्यता सम्मको सम्पूर्ण प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपी ।
(४) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
(५) आवेदन फाराम दस्तुर रु. २००।- दुई सय मात्र ।
(६) परीक्षा दस्तुर रा.बा.बैंक जलेश्वरको च.हि.नं. १२७०१०००००२४०००१ खातामा रकम तिरेको भाउचर सक्कल प्रति १ थान
(७) नियुक्तिको किसिम :- करारमा
(८) प्रशिक्षकको लागि इन्जिनियरीङ्ग परिषद्बाट मान्यता प्राप्त हुनुपर्ने ।

**पूनश्च**:-
(क) म्याद नाघि आएको दरखास्त फाराम दर्ता गरिने छैन ।
(ख) दोब्बर दस्तुरको व्यवस्था छैन ।
(ग) परीक्षा केन्द्र पछि तोकिनेछ ।
(घ) सम्पर्क मिति : २०८०।११।१० गते र परीक्षा मिति सोहि दिन तोकिने छ ।
(ङ) आवश्यक देखिएमा शिक्षक छनौट समितिको निर्णय बमोजिम विज्ञापनको म्याद थप गर्न सकिनेछ ।
(च) परीक्षाको दिन प्रवेशपत्र अनिवार्य लिएर उपस्थित हुनुपर्नेछ ।
(छ) तलबभत्ता आफ्नो पदमा बहाल गरेको मितिदेखि नेपाल सरकारले तोकिदिए बमोजिम ।
(ज) विद्यालय खुलेको दिन फाराम बुझ्ने बुझाउने समय विहान ७:३० बजेदेखि ११:३० बजेसम्म विद्यालयमा
(झ) माथिल्लो तहको योग्यता र कार्य अनुभवलाई विशेष ग्राहिता दिइने छ ।
(ञ) आवश्यक परेमा सम्पूर्ण विज्ञापनको लिखित, मौखिक बाहेक प्रयोगात्मक परीक्षा पनि लिन सकिनेछ ।

**नोट** :- विज्ञापन सम्बन्धि जानकारीको लागि (प्र.अ.) मो. ९८१५८८६८१४ र वि.प्रशासन ९८१६८९४६१४ मा सम्पर्क गर्न सकिने छ ।

**प्रधानाध्यापक**

# पाकिस्तानमा नवाज शरिफ के फेरि प्रधानमन्त्री बन्न लागेका हुन्

बीबीसी

काठमाण्डु । पाकिस्तानमा विगतमा तीन पटक प्रधानमन्त्री बनिसकेका नवाज शरिफ गत वर्ष स्वैच्छिक निर्वासन टुङ्ग्याउँदै स्वदेश फर्किए । उनलाई फेब्रुअरी ८ मा हुने निर्वाचन जित्न सक्ने बलियो उम्मेदवार मानिएको छ । विगत तीन दशकमा उनी पाकिस्तानको राजनीतिमा अधिकांश समय प्रभावशाली बने। तर उनी फेरि सत्तामा फर्किन सक्ने अनुमान कमै व्यक्तिले गरेका थिए होलान् । भ्रष्टाचारको मुद्दामा दोषी ठहर भएपछि उनले पद गुमाएका थिए। त्यसअघि उनलाई सेनाले अपदस्थ गरेको थियो ।



पाकिस्तानमा लामो समयसम्म उनलाई शक्तिशाली सेनाको विपक्षीका रूपमा हेरिएको थियो। अहिले उनी राजनीतिक पुनरागमनको सँघारमा भए जस्तो देखिन्छ। आफ्नो पुनरागमन शरिफका लागि नाटकीय उपलब्धि हुने छ । "उनी निकै लोकप्रिय भएर हैन, सही तरिकाले राजनीतिक चाल चलेका कारण भावी प्रधानमन्त्रीको प्रबल दाबेदार बनेका हुन्," अमेरिकी थिङ्कट्याङ्क 'विल्सन सेन्टर'का दक्षिण एशिया निर्देशक माइकल कुगल्मनले भने । शरिफका कट्टर प्रतिद्वन्द्वी तथा विगतमा सेनाको साथ पाएका पूर्वप्रधानमन्त्री इमरान खान अहिले जेलमा छन् । खानको लोकप्रिय पार्टीमाथि देशभरि प्रतिबन्ध लगाइएको छ ।

शरिफलाई "पुनरागमनका राजा" भन्न सकिन्छ। पहिला पनि उनी राजनीतिमा फर्किएका थिए । आफ्नो दोस्रो कार्यकालमा सन् १९९९ मा उनी सैन्य कूका कारण सत्ताबाट बाहिरिएका थिए। तर सन् २०१३ को निर्वाचनमार्फत् फेरि तेस्रो पटक प्रधानमन्त्री बन्दै शक्तिमा फर्किए । पाकिस्तानका लागि त्यो एउटा ऐतिहासिक क्षण थियो किनभने सन् १९४७ मा स्वतन्त्र भएयता त्यहाँ प्रजातान्त्रिक पद्धतिबाट निर्वाचित कुनै सरकारले त्यस्तै अर्को सरकारलाई सत्ता हस्तान्तरण गरेको त्यो नै पहिलो पटक थियो ।

तर शरिफको तेस्रो कार्यकाल निकै कठिन थियो। राजधानी इस्लामाबादमा विपक्षी दलले छ महिना गरेको नाकाबन्दीदेखि भ्रष्टाचारको अभियोगसम्म उनले थुप्रै चुनौती सामना गर्नुपर्‍यो । भ्रष्टाचार अभियोगमा अन्ततः सन् २०१७ को जुलाई महिनामा सर्वोच्च अदालतले उनलाई अयोग्य ठहर गरिदियो र उनले त्यसलगत्तै राजीनामा दिए । सन् २०१८ को जुलाई महिनामा उनलाई अर्को अदालतले भ्रष्टाचारमा दोषी ठहर गर्‍यो र १० वर्षको जेल सजाय सुनायो । तर दुई महिनापछि अदालतले अन्तिम निर्णय नभएसम्मका लागि सजाय निलम्बन गरेपछि उनलाई रिहा गरियो । सन् २०१८ को डिसेम्बरमा उनी फेरि भ्रष्टाचार मुद्दामा जेल गए । साउदी अरबमा उनको परिवारको स्वामित्वमा रहेका स्टील मिलसँग सम्बन्धित मुद्दामा उनी दोषी ठहर भए ।

त्यसपछि उनले ब्रिटेनमा उपचार गर्न जानुपरेको भन्दै धरौटीमा छुट्ने प्रयास गरे। सन् २०१९ मा उनी धरौटीमा निस्किएर लन्डन गए । त्यहाँ उनी चार वर्षसम्म एउटा विलासी फ्ल्याटमा बसे। उनी गत अक्टोबरमा मात्र पाकिस्तान फर्किएका हुन् । आफू सशरीर उपस्थित नहुँदा पनि उनी विगत ३५ वर्षदेखि पाकिस्तानका अग्रणी नेतामध्ये एक हुन् । नवाज शरिफ सन् १९४९ मा लाहोरमा एक प्रख्यात उद्योगपतिको परिवारमा जन्मिएका थिए। एउटा सहरी निर्वाचन क्षेत्रबाट निर्वाचन जित्दै उनी राजनीतिमा स्थापित भएका हुन् । शरिफलाई सन् १९७७ देखि १९८८ सम्म पाकिस्तानमा शासन गरेका सैन्य नेता जेनरल जिया उल-हकबाट कृपादृष्टिप्राप्त चेला मानिन्छ। विदेशमा शरिफलाई सन् १९९८ मा पाकिस्तानमा पहिलो आणविक परीक्षणको आदेश दिने नेताका रूपमा चिनिन्छ ।

जेनरल जियाको सैन्य कानुन लागु गरेपछिका प्रारम्भिक दिनमा शरिफ पहिलो पटक राष्ट्रिय राजनीतिमा चर्चामा आए। उनी सन् १९८५ देखि सन् १९९० सम्म पञ्जाब प्रान्तको अर्थमन्त्री र त्यसपछि मुख्यमन्त्री बनेका थिए । त्यस अवधिमा उनी प्रभावशाली राजनीतिक व्यक्तित्वभन्दा पनि कुशल प्रशासकको रूपमा चिनिए । उनी सन् १९९० मा प्रधानमन्त्री बने। तर सन् १९९३ मा उनको सरकारलाई बर्खास्त गरियो र तात्कालिक विपक्षी नेत्री बेनजिर भुट्टोले सरकार बनाइन् । शरिफ 'इत्तेफाक' नामक स्टील मिल समूहका मालिक हुन्। उनी पाकिस्तानकै धनी उद्योगपतिमध्ये पर्छन् ।

शरिफ सन् १९९७ मा सजिलै बहुमत प्राप्त गरेर फेरि प्रधानमन्त्री बने। देशमा सेनाबाहेक सबै संस्थाहरूमा उनको बलियो पकड बन्यो । संसद्मा विपक्षीहरूबाट दिक्क भएर उनले शरिया कानुन लागु गर्न आफूले अधिकार पाउने गरी शरिरफले संविधानमा संशोधन गर्ने प्रयास गरे। उनले अन्य दुई शक्तिकेन्द्रसँग सङ्घर्ष गरे। उनका समर्थकहरूले सर्वोच्च अदालतमा तोडफोड गरे र उनले पाकिस्तानको शक्तिशाली सेनामाथि अङ्कुश लगाउने प्रयास गरे । तात्कालिक सेना प्रमुख परवेज मुशर्रफले शरिफलाई सन् १९९९ मा पदच्युत गरिदिएपछि पाकिस्तानमा सेनाको प्रभाव सीमित पार्ने प्रयास कति खतरनाक कुरा हो भन्ने देखियो । शरिफ पक्राउ परे र जेल गए। उनलाई अपहरण र आतङ्कवादसँग सम्बन्धित अभियोगमा जन्मकैद सुनाइयो । उनी भ्रष्टाचारमा दोषी ठहरिए र उनलाई आजीवन राजनीतिक गतिविधि गर्न रोक लगाइयो ।

तर साउदीहरूले मध्यस्थता गरेको भनिएको एउटा सम्झौताले उनी र उनको परिवारका सदस्यलाई जेल जान जोगायो। सो सम्झौताअनुसार शरिफ र उनको परिवारका ४० सदस्य १० वर्षका लागि निर्वासनमा गएको ठानिन्छ । बीबीसीका तात्कालिक इस्लामाबाद संवाददाता ओवन बेनटका अनुसार शरिफ सत्ताबाट हट्दा धेरै पाकिस्तानीहरूले उनी भ्रष्ट, अक्षम र सत्तामोह भएका व्यक्ति भनी ठूलो राहत महसुस गरेका थिए । तर सन् २००७ मा सैन्य शासकहरूसँग एक सम्झौता गरी उनी भव्य रूपमा पाकिस्तान फर्के। स्वदेश फर्किएपछि उनी धैर्यपूर्वक प्रतिपक्षमा बसे। सन् २००८ को निर्वाचनमा उनको पीएमएल-एन पार्टीले पाकिस्तानको संसद् मा झन्डै एकचौथाइ सीट जित्यो ।

सन् २०१३ मा पनि उनले अनुमान गरेभन्दा ठूलो मतान्तरले चुनाव जिते। उनले राजनीतिक रूपमा महत्त्वपूर्ण पञ्जाब प्रान्तमा भूतपूर्व क्रिकेट खेलाडी इमरान खानको पार्टीले दिएको कडा चुनौती सामना गरे । तर सत्तामा आएपछि शरिफले निर्वाचनमा धाँधली गरेको आरोप लगाउँदै खानको पीटीआई पार्टीले इस्लामाबादमा छ महिनासम्म अवरोध गर्‍यो। त्यस बेला सार्वजनिक वृत्तमा त्यस्तो अवरोध सेनाको इन्टर सर्भिसेज इन्टेलिजन्स (आईएसआई) का केही अधिकारीहरूको उक्साहटमा गरिएको चर्चा चलेको थियो । विश्लेषकहरूका अनुसार सेनाले शरिफलाई त्यसरी दबाव दिन खोजेको थियो । सैन्य संस्थापनले शरिफलाई भारतसँग व्यापारिक सम्बन्ध विस्तारको प्रक्रिया अगाडि बढाउन रोक्न खोजेको मानिन्छ ।

शरिफले आफ्नो तेस्रो कार्यकालमा नयाँ पूर्वाधार विकास गरी र भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति अपनाई पाकिस्तानलाई "एशियाको बाघ" बनाउने वाचा गरेका थिए। तर समस्याहरू बढ्दै गए । उनको कार्यकालमा सुरु भएको बहुचर्चित चीन-पाकिस्तान आर्थिक कोरिडोर देशको कमजोर अर्थतन्त्रको कारण अड्किएको छ । झन्डै ५६ अर्ब अमेरिकी डलर लागतको उक्त परियोजनामा खासै ठूलो प्रगित हुन सकेको छैन । सन् २०१६ को प्यानमा पेपर्स प्रकरणमा नाम मुछिएपछि उनीमाथि सर्वोच्च अदालतले छानबिन सुरु गर्‍यो। उनको परिवारले लन्डनमा केही अपार्टमन्ट किन्दा गरेको कारोबार र उनको सम्पत्तिबारे प्रश्न उठ्यो। शरिफले भने सबै आरोप अस्वीकार गर्दै ती सबै राजनीतिक रूपमा प्रेरित रहेको दाबी गरे ।

सन् २०१८ जुलाई ६ मा पाकिस्तानको एउटा अदालतले उनलाई भ्रष्टाचारको मुद्दामा दोषी ठहर गर्‍यो र १० वर्षको जेल सजाय सुनायो । सजाय सुनाउँदा शरिफ भने लन्डनमा थिए। त्यहाँ उनकी पत्नीको उपचार भइरहेको थियो । सोही मुद्दामा शरिफका छोरी र ज्वाइँलाई पनि दोषी ठहर गरिएको थियो । इमरान खान प्रधानमन्त्री पदमा रहुन्जेल शरिफ लन्डनमै बसे । खानको कार्यकाल पनि विवादरहित बन्न सकेन र उनको सेनासँगको सम्बन्ध बिग्रिँदै गयो ।

सन् २०२२ मा संसद्बाट खानविरुद्ध ल्याइएको अविश्वासको प्रस्ताव पारित भएपछि उनको सरकार ढल्यो र नवाफ शरिफका भाइ शहबाज शरिफको नेतृत्वमा नयाँ सरकार बन्यो । सन् २०२३ अक्टोबरमा शरिफ पाकिस्तान फर्किए। अहिले उनीविरुद्ध लागेका मुद्दाहरू सेलाइसकेका छन् र हिजो उनलाई पदबाट हटाएको सेनाले नै आज उनलाई स्वीकारेको जस्तो देखिन्छ । इमरानको पतनसँगै पाकिस्तान फर्किएपछि शरिफ राजनीतिक गतिविधिमा व्यस्त छन्।

आसन्न निर्वाचनमा उनको पार्टीले जितेमा उनलाई सरकारको नेतृत्व गर्ने बाटो खुल्ने छातर उनको जित निश्चित भने छैन। धेरैले शरिफ र उनको पार्टीलाई पाकिस्तानलाई आर्थिक सङ्कटमा पारेको दोष दिन्छन् र विगतका भ्रष्टाचारको आरोपले उनको लोकप्रियता निकै घटेको छ । "उनीहरूले चुनाव त जित्लान् तर शरिफले पहिला एक पटक ल्याएको बेलाबाहेक पाकिस्तानको निर्वाचनमा कुनै पार्टीले एकल बहुमत ल्याएको छैन," च्याटम हाउससँग आबद्ध डा फरजाना शेखले भनिन् । "सबै कुराले उनी प्रधानमन्त्री वा सबैभन्दा ठूलो दलको नेताको रूपमा राजनीतिमा आउने सङ्केत गर्दै छन्। तर बहुमतको अवस्था भने कस्तो हुन्छ भन्ने अनिश्चित नै छ," उनले भनिन् ।

पाकिस्तानको राजनीतिमा अहिले अस्थिरता छ। वर्तमान अवस्थामा शरिफले आफूलाई तीन कार्यकाल प्रधानमन्त्री भइसकेको अनुभवी नेताका रूपमा प्रस्तुत गरेका छन्। उनले देशको अर्थतन्त्र सुधार्ने र देशलाई सही बाटोमा ल्याउने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । "उनका समर्थकहरूले शरिफको अनुभव र स्थिरताप्रतिको प्रतिबद्धताका कारण मत आउने र सेनालाई आफूसँग वा कम्तीमा आफ्नो पार्टीसँग सजिलो पार्ने आशा राखेका छन्," कुगल्मनले भने ।

तर विश्लेषकहरू भने ढुक्क छैनन् । किनभने शरिफका सामु थुप्रै चुनौती छन्। देशको अर्थतन्त्र सङ्कटमा छ र त्यसका लागि धेरैले उनकै पार्टीलाई दोष दिएका छन्। साथै उनको मुख्य प्रतिद्वन्द्वी नै जेलमा रहेकाले निर्वाचन निष्पक्ष हुनेमा आशङ्का छ । "उनी सङ्घर्ष गरिरहेका छन् । उनका भाइले नेतृत्व गरेको पार्टी यसअघिको गठबन्धन सरकारमा ठूलो साझेदार थियो। त्यसले एकपछि अर्को आर्थिक नीतिहरू लागु पर्नुपर्‍यो र त्यसबाट ठूलो हानि पुगेको छ," डा शेखले भनिन् । "शरिफ र उनको पार्टीलाई देशमा विद्यमान सङ्कटका लागि हैन भने पनि आर्थिक दुरवस्थाका लागि दोषी मानिन्छ ।" फेरि पाकिस्तानको सत्ता र शासनमा सेनाको ठूलो प्रभाव छ । विदेशमा हुँदा शरिफ बेलाबेला सेनाविरुद्ध बोलिरहन्थे ।

देशमा व्याप्त अस्थिरताका लागि विशेष गरी गुप्तचर निकाय आईएसआईका पूर्वप्रमुख तथा पूर्वसेनापतिलाई उनी दोष लगाउँथे। तर उनीहरूले त्यस्तो आरोपको खण्डन गरेका छन् ।

शरिफ न्यायपालिकाको पनि कडा आलोचना गर्दै आएका थिए। न्यायाधीशहरूले मिलेमतो गरेको र आफूलाई "झुटो मुद्दा"मा फसाइएको उनको दाबी थियो। त्यसैले पाकिस्तानमा प्रजातन्त्र कमजोर बनेको र कुनै प्रधानमन्त्रीले पनि कार्यकाल पूरा गर्न नपाएको उनको धारणा थियो । सेनाले भने नवाज शरिफ वा इमरान खान वा अन्य कुनै नेताको विषयमा केही टिप्पणी गरेको छैन। सेनाको आधिकारिक भनाइ "आफू राजनीतिमा संलग्न नहुने" भन्ने छ ।तर बाहिरबाट हेर्दा शरिफले सेनासँग कुनै न कुनै सम्झौता गरेको जस्तो विश्लेषकहरू ठान्छन् । "उनले स्वदेश फर्किएपछि धेरै कानुनी सहुलियत पाएको तथ्यले उनलाई न्यायपालिकामा ठूलो प्रभाव राख्ने सेनाबाट कृपादृष्टि पाएको सङ्केत गर्छ," कुगल्मनले भने । त्यसलाई उनी शरिफको सफलतामा देखिएको "ठूलो विरोधाभास" मान्छन् । "पाकिस्तानमा तपाईं नेता हुनुहुन्छ र तपाईंलाई सघाउन सेना छ भने चुनावमा तपाईंको सफलताको सम्भावना अझ बढी हुन्छ," उनले भने ।

# पोखरामा एसियन कप तथा साउथ एसियन ट्रायथोलन च्याम्पियनसिप

टुडे समाचारदाता

कास्की । पोखरामा आगामी वैशाख १५ गते एसियन कप तथा साउथ एसियन ट्रायथोलन च्याम्पियनसिप हुने भएको छ । पोखरामा सन् २०११ देखि सो च्याम्पियनसिप हुँदै आएको छ । कोरोनाका कारण दुई वर्ष रोकिएको प्रतियोगिता त्यसपछि निरन्तर छ । नेपाल ट्रायथोलन सङ्घको आयोजनामा पोखराको लेकसाइड क्षेत्रमा प्रतियोगिता हुनेछ ।

प्रतियोगिताको मिति अन्तर्राष्ट्रिय ट्रायथोलन युनियनले आफ्नो आधिकारिक वेबसाइटमा राखिसकेको नेपाल ट्रायथोलन सङ्घका अध्यक्ष निलेन्द्रराज श्रेष्ठले जानकारी दिए । उनका अनुसार ट्रायथोलन च्याम्पियनसिपअन्तर्गतट्रायथोलनको स्प्रिन्ट विधातर्फ प्रतिस्पर्धा गराइने छ । च्याम्पियनसिपमा गत वर्ष १८ देशका ५३ जना खेलाडीले प्रतिस्पर्धा गरेका थिए ।

स्प्रिन्टअन्तर्गत फेवातालमा सात सय ५० मिटर पौडी र त्यसपछि २० किलोमिटर साइक्लिङ र पाँच किलोमिटर दौड हुनेछ । अध्यक्ष श्रेष्ठका अनुसार पौडी फेवातालमा गराइने छ । दौड गौरीघाट-सहिदचोक, मुस्ताङ्चोक, विरौटाचोक, ड्यामसाइड हुँदै राष्ट्र बैंकचोक हुँदै गौरीघाटमा पुगेर समापन हुनेगरी पुरानै रुटमा यथावत हुनेछ ।च्याम्पियनसिपका लागि पोखरामा तयारी सुरु भएको छ । सोमबार साँझ पोखरामा सङ्घका केन्द्रीय अध्यक्ष श्रेष्ठको उपस्थितिमा केन्द्र, प्रदेश तथा जिल्ला सङ्घका पदाधिकारीको बैठक बसेको थियो । बैठकमा विगतका संस्करणभन्दा यसपटक अझ भव्य बनाउने र तयारी सुरु गर्ने निर्णय गरेको छ ।




सङ्घका केन्द्रीय अध्यक्ष श्रेष्ठले यस वर्षको च्याम्पियनसिपमा विश्व ट्रायथोलनसङ्घरएसियनट्रायथोलन एशोसिएसनका अध्यक्षलगायत उच्चस्तरीय व्यक्तिहरूको सहभागिता हुने भएकाले भव्य हुने बताए । गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, पर्यटन व्यवसायी तथा यहाँका उद्योगी-व्यवसायीले अपनत्व लिनेगरी प्रतियोगिता सञ्चालन हुने बताइन्छ ।

"एसियन कप तथा साउथ एसियन ट्रायथोलन च्याम्पियनसिप पोखराको ब्राण्ड बनिसकेको छ । पोखराको प्रवर्द्धनका लागि च्याम्पियनसिपले ठूलो भूमिका खेलेको छ", अध्यक्ष श्रेष्ठले भने, "पोखरामा ठूलो इभेन्ट हुने तर पोखरेलीको स्वामित्व नहुने अवस्था विगतमा थियो । तर यस वर्ष हामी त्यस्तो हुन दिँदैनौँ । विश्वका सम्पन्न देशले गर्नेभन्दा कुनै कमी च्याम्पियनसिपमा हुन दिँदैनौँ ।"

सङ्घका केन्द्रीय वरिष्ठ उपाध्यक्षदीपककोइरालालेपोखरा ट्रायथोलन च्याम्पियनसिपका लागि विश्वकै उत्कृष्ट गन्तव्यमा पर्ने बताए । पोखरासहित समग्र देशको अन्तर्राष्ट्रिय प्रवर्द्धनका लागि प्रतियोगिता महत्त्वपूर्ण हुने बताए । विगतमा विभिन्न कठिनाइका बाबजुद निरन्तरता दिइएको च्याम्पियनसिपमा पछिल्लो समय प्रदेश तथा जिल्ला सङ्घ बनेर अझै सहजरूपमा सम्पन्न हुने कोइरालाले बताए ।

नेपाल ट्रायथोलन सङ्घका केन्द्रीय उपाध्यक्ष एवं गण्डकी प्रदेशका अध्यक्ष सुमन देवकोटाले च्याम्पियनसिप पोखरामा हुने सबैभन्दा बृहत् खेल इभेन्ट भएको बताए । च्याम्पियनसिप भव्य बनाउनका लागि विगतका कमजोरी सुधार गरिने उनले स्पष्ट पारे । "विगतका कमजोरी दोहोरिन दिँदैनौँ र यस वर्षको प्रतियागिता अझै भव्य बनाउने छौँ", देवकोटाले भने ।

नेपाल ट्रायथोलन सङ्घ गण्डकी प्रदेशको कार्यवाहक अध्यक्षमा शिशिर सुवेदी चयन भएका छन् । सङ्घका अध्यक्ष सुमन देवकोटा गत पुसमा सम्पन्न अधिवेशनबाट केन्द्रीय उपाध्यक्षमा निर्वाचित भएपछि सुवेदीले गण्डकीको कार्यवाहक अध्यक्षको जिम्मेवारी पाएका छन् । कार्यवाहक अध्यक्ष सुवेदीको संयोजकत्वमा आसन्न एसियन कप तथा साउथ एसियन ट्रायथोलन च्याम्पियनसिपका लागि स्थानीय व्यवस्थापन समिति गठन गरिएको छ । कार्यवाहक अध्यक्ष सुवेदीले पोखरेलीको अपनत्व हुनेगरी च्याम्पियनसिपको तयारीका काम सुरु भएको जानकारी दिए ।

# रङ्गशाला निर्माणमा प्रदेश सरकारको चासो

टुडे समाचारदाता

चितवन । गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण अघिबढाउन बागमती



प्रदेश सरकारले चासो देखाएको छ । बागमती प्रदेशका आर्थिक मामिलामन्त्री बहादुरसिंह लामा र स्वास्थ्यमन्त्री उत्तम जोशीले रङ्गशाला सोमबार निरीक्षण गर्दै निर्माणका लागि प्रदेश सरकारले बजेट सुनिश्चित गर्ने आश्वासन दिएका हुन् ।

रङ्गशाला निर्माणस्थल अवलोकनपछि अर्थमन्त्री लामाले बजेट विनियोजन गर्ने प्रतिबद्धता जनाएका हुन् । प्रदेश सरकारले ७० प्रतिशत बजेट विनियोजन गर्ने उनले बताए ।

भरतपुर महानगरपालिकाकी प्रमुख रेनु दाहाललाई पनि उनले रङ्गशालामा बजेट पार्ने विश्वास दिलाए । देशकै गौरवको आयोजना प्रदेशमा भएकाले यसलाई पूरा गर्नु प्रदेश सरकारको दायित्व रहेको बताउँदै मन्त्री लामाले भने, "रङ्गशाला निर्माणमा प्रदेश सरकारको चासो छ । हामी बजेट सुनिश्चित गरेरै अघि बढ्छौं । ढुक्क हुनुस् ।"

महानगर उपप्रमुख चित्रसेन अधिकारीले रङ्गशाला निर्माणमा प्राप्त आश्वासनले आशा जगाएको बताए । मन्त्री लामासँगै नेपाली कांग्रेसका केन्द्रीय सदस्य टेकप्रसाद गुरुङ, बागमती प्रदेशसभा सदस्य गीता गुरुङ, माया श्रेष्ठ, भरतपुर महानगरपालिका-१५ का वडाध्यक्ष श्रीकृष्ण देवकोटा रङ्गशाला निर्माणस्थल पुगेका थिए ।

# संयुक्त राष्ट्रसंघका महासचिव गुटेरेसद्वारा स्वतन्त्र प्यानल गठन गर्ने घोषणा

एएनआई

न्यूयोर्क । संयुक्त राष्टसङ्घका महासचिव एन्टोनियो गुटेरेसले प्यालेस्टाइन शरणार्थीका लागि संयुक्त राष्टसङ्घीय राहत तथा कार्य एजेन्सी (युएनआरडब्लुए) को मूल्याङ्कन गर्न स्वतन्त्र प्यानल गठन गर्ने घोषणा गर्नु भएको छ ।

गत अक्टोबर ७ गते इजरायलमा भएको हमासको आक्रमणमा उक्त एजेन्सीका बाह्र जना कर्मचारीहरू संलग्न रहेको इजरायली दाबीका कारण मानवीय सङ्गठनले आलोचनाको सामना गर्नुपरेको छ ।

एजेन्सीको कोष अमेरिका, जर्मनी, बेलायत, स्विडेन लगायत एक दर्जनभन्दा बढी राष्ट्रहरूले निलम्बन गरेका छन् ।फ्रान्सका पूर्वविदेश मन्त्री क्याथरिन कोलोनाले स्वतन्त्र प्यानलको



अध्यक्षता गर्ने र तीन युरोपेली अनुसन्धान संस्थाहरूसँग सहकार्य गर्ने संयुक्त राष्टसङ्घले विज्ञप्ति मार्फत घोषणा गरेको अल जजिराले जनाएको छ ।

एजेन्सीले तटस्थता सुनिश्चित गरी आरोपहरूको जवाफ दिन आवाश्यक कार्य गरिरहेको छ कि छैन भन्ने मूल्याङ्कन गर्नु अनुसन्धानको घोषित उद्देश्य रहने बताइएको छ ।अल जजिराका अनुसार प्यानलको प्रतिवेदनमा एजेन्सीको प्रणालीको सम्भावित सुधार र सुदृढीकरणका लागि अन्तरिम प्रतिवेदनका लागि मार्चको अन्त्यमा र अन्तिम प्रतिवेदनका लागि अप्रिलको अन्त्यमा सिफारिसहरू समावेश गरिने गुटेरेसले बताउनु भयो ।

यो मूल्याङ्कन संयुक्त राष्ट्रसंघको आन्तरिक अनुसन्धानसँग सम्बन्धित छैन । जुन गत महिना १२ जना युएनआरडब्लुए कर्मचारीहरू विरुद्धको प्रारम्भिक आरोपपछि शुरु गरिएको थियो ।

अक्टोबर ७ पहिलो आक्रमणपछि शुरु भएको इजरायल र हमासबिचको युद्ध करिब १,२०० इजरायली मारिए र करिब दुई सय ५० जना बन्धक बनाइए ।

# अमेरिका र बेलायती लडाकु विमानद्वारा यमनको होडेडाहमा हवाई हमला

सिन्ह्वा

एडेन । संयुक्त राज्य अमेरिका र बेलायतका लडाकु विमानहरूले सोमबार यमनी बन्दरगाह शहर होडेडाहमा हवाई आक्रमण गरेको हुथीद्वारा सञ्चालित अल-मासिराह टिभीले जनाएको छ।

होडेडाह शहरको रणनीतिक रेड सी बन्दरगाहलाई निशाना बनाई अल-काथीब क्षेत्रमा दुईवटा हवाई बमबारी भएको बताएको छ।

स्थानीय सञ्चार माध्यमले जनाए अनुसार आक्रमणमा सर्वसाधारणको निधन भएको बताइएको छ भने केही घाइतेहरूलाई तत्काल चिकित्सा उपचारको लागि नजिकैका अस्पतालहरूमा लगिएको छ।विगतका घण्टाहरूमा, हुथीको मिडिया आउटलेटहरूले सैन्य स्रोतलाई उद्धृत गर्दै पुष्टि गरे अनुसार "अमेरिकी-ब्रिटिश आक्रमणकारी विमानले आइतबार राति होडेडाहका गभर्नरेटहरूमा १५ वटा आक्रमणहरू गरेको बताइएको छ ।"पछिल्लो हवाई आक्रमणहरू जनवरी १२ देखि वाशिंगटन र लन्डनद्वारा जारी सैन्य प्रतिक्रियाको एक हिस्सा हो ।

साना र अन्य उत्तरी प्रान्तहरूको हुथी-नियन्त्रित क्षेत्रहरूलाई लक्षित गर्दै आक्रमण जारी राखिएको छ । अन्तरराष्ट्रिय कारबाहीहरू लाल सागरमा व्यापारिक ढुवानीमा हुथी आक्रमणको बदलाको रूपमा गरिएको बताइएको छ।गत नोभेम्बरदेखि लाल सागर, बाब अल-मन्डब स्ट्रेट र अडेनको खाडीमा सैन्य कारबाहीमा संलग्न हुथीहरूले इजरायली जहाजहरू र इजरायल जाने जहाजहरूलाई निशाना बनाएको दाबी गरिएको छ ।

# नामिबियामा अफ्रिका खानी सम्मेलन

सिन्ह्वा

विन्डहोक । नामिबियाका खानी तथा ऊर्जा मन्त्री टम अल्वेन्डोले सोमबार सम्भावित लगानीकर्ताहरूलाई परिहोजनाम समेल गराउँनु अत्यावश्यक रहेको बताउनु भएको छ ।खनिज पदार्थहरूमा मूल्य थप्ने देशको प्रतिबद्धता आर्थिक वृद्धिको लागि महत्त्वपूर्ण योजना हुने पनि उहाँको धारणा छ।

सोमबार साँझ दक्षिण अफ्रिकाको केप टाउनमा हुने आगामी इन्भेष्ट इन अफ्रिका माइनिङ इन्डाबामा देशको सहभागिताको घोषणा गर्दै अल्वेन्डोले महत्वपूर्ण खनिजहरूको बढ्दो विश्वव्यापी मागको प्रतिक्रियामा दिगो खानी अभ्यासहरूप्रति देशको बलियो भूमिका र योगदान बनाउनु पर्ने आवश्यकता औंल्याउनु भएको छ।

उहाँले खानी इन्डाबाले नामिबियालाई आफ्नो क्षमता प्रदर्शन गर्न र अन्य खानी सबल राष्ट्रहरूबाट उत्कृष्ट क्षेत्रीय र विश्वव्यापी अभ्यासहरू बारे सिक्न यो कार्यक्रम महत्त्वपूर्ण हुने धारणा राख्नु भएको छ । हामीले हाम्रा सम्भावित लगानी साझेदारहरूसँग समझदारी सिर्जना गर्नु आवश्यक छ । हाम्रो खनिजहरूमा मूल्य अभिवृद्धिमा नामिबियाको स्थिर स्थिति नामिबियाको अर्थतन्त्रको बृद्धिको लागि महत्त्वपूर्ण हुन्छ । हरियो भविष्य प्राप्त गर्न हामीले दिगो खानी अभ्यासहरूप्रति हाम्रो प्रतिबद्धतालाई बलियो बनाउन आवश्यक रहेको उहावले बताउनु भएको छ ।

हीरा, सुन, तामा, जस्ता, युरेनियम, दुर्लभ पृथ्वी तत्त्वहरू, र औद्योगिक खनिजहरू सहित नामिबियाको विविध खनिज स्रोतहरू, अनुकूल नीति वातावरणको साथमा, राष्ट्रलाई खानी लगानीको लागि आकर्षक गन्तव्यको रूपमा विकास गरिएको मन्त्रीको दाबी छ । देशको खानी क्षेत्रले सन् २०२२ मा कुल गार्हस्थ्य उत्पादनमा लगभग १२.२ प्रतिशत योगदान गर्दै निर्णायक भूमिका खेलेको थियो ।

छलफल "नामिबियाको सन्दर्भमा महत्वपूर्ण कच्चा पदार्थको विकास र स्थानीय मूल्य अभिवृद्धि" वरिपरि केन्द्रित रहने छ । यस प्रमुख कार्यक्रमको उद्देश्य राष्ट्रिय उत्खनन र महत्वपूर्ण कच्चा मालको प्रशोधन विकास र कार्यान्वयन गर्न नामिबियाको योजनाहरूमा अन्तर्दृष्टि प्रदान गर्नु रहेको उहावको टिप्पणी हुनेछ ।नामिबियाका प्रमुख राष्ट्रिय संस्थाहरू जसमा नामिबियाको भूगर्भ सर्वेक्षण, एपान्जेलो माइनिङ, नामपावर, च्याम्बर अफ माइन्स, र नामिबिया इन्भेस्टमेन्ट प्रमोशन एण्ड डेभलपमेन्ट बोर्डले देशको प्रदर्शनीमा प्रस्तुत गर्नेछन्।

# चेम्बर र निर्यात परिषदबीच समझदारी

टुडे समाचारदाता

काठमाण्डु । व्यापार घाटा न्यूनीकरण एवं निर्यात वृद्धिका लागि नेपाल चेम्बर अफ कर्मस र निर्यात परिषद्बीच सहकार्यका लागि समझदारी भएको छ । परिषद्का नवनिर्वाचित पदाधिकारी एवं कार्यसमितिलाई जमलस्थित चेम्बर भवनमा स्वागत गर्ने क्रममा निर्यात सहजीकरणका लागि नीतिगत सुधार एवं सम्भावनाका विभिन्न विषयमा सहकार्य गर्ने सझदारी बनेको हो । दुई संस्थाबीच नीति निर्माणदेखि भन्सार सहजीकरण गर्ने विषयमा सहकार्य हुने चेम्बरले जनाएको छ ।सो अवसरमा चेम्बर अध्यक्ष राजेन्द्र मल्लले निर्यातयोग्य वस्तुहरुको पहिचान र प्रवर्द्धन हुन नसक्दा अपेक्षित लाभ लिन नसकिएको उल्लेख गर्दै भने, "मुलुकमा रु १० खर्बभन्दा बढीको निर्यात सम्भावना छ। तर डेढ खर्ब रुपैयाँबराबरको पनि निर्यात हुन सकेको छैन।"

निर्यात प्रवर्द्धनमा देखिएको नीतिगत कठिनाई अन्त्य गर्न चेम्बरले पहल गर्ने अध्यक्ष मल्लले बताए । व्यापार घाटा न्यूनीकरणका लागि नीतिगत सुधारसँगै भन्सार प्रशासनलाई चुस्त र प्रभावकारी बनाउनुपर्ने उनको भनाइ छ। यस्तै भन्सारमा उच्चस्तरीय क्वारेन्टिन ल्याव स्थापना एवं निर्यातमा दिइने सहुलियतको प्रभावकारी कार्यन्वयन गर्नुपर्नेमा अध्यक्ष मल्लले जोड दिए। वस्तु निर्यात गर्दा अनलाइनबाट सिधै भुक्तानी गर्न सकिने व्यवस्था गरिए निर्यात दोब्बरले वृद्धि गर्न सकिने उनको भनाइ छ। मुलुकभरबाट उत्पादन भएका कृषिजन्य, हस्तकला, जडीबुटी, चिया, कफीलगायतका वस्तुलाई एकै ठाउँमा जम्मा गरी एकीकृत निर्यात केन्द्र वा निर्यात प्रवर्द्धन गृहमार्फत निकासी गर्न सकिए साना व्यवसायीलाई लाभ तथा उत्पादन लागत कम हुनेमा अध्यक्ष मल्लले जोड दिए।

> चालु आर्थिक वर्षको पाँच महिनामा नै व्यापार घाटा रु पाँच खर्ब ९७ अर्बभन्दा बढी भइसकेको भन्दै अध्यक्ष मल्लले प्रत्येक वर्ष मुलुकको व्यापारघाटा बजेटकै हाराहारीमा हुन थालेको बताए । उनले भने, "आर्थिक समृद्धि र विकासको बाधक मुलुकको चरम व्यापार घाटा पनि हो, आन्तरिक उत्पादन नहुँदा कृषि जन्य वस्तुहरुमा समेत परनिर्भरता बढ्दो क्रममा छ, सम्भावना भएका क्षेत्रहरुमा समेत निर्यात सहजीकरण हुन सकेको छैन, ।"

चालु आर्थिक वर्षको पाँच महिनामा नै व्यापार घाटा रु पाँच खर्ब ९७ अर्बभन्दा बढी भइसकेको भन्दै अध्यक्ष मल्लले प्रत्येक वर्ष मुलुकको व्यापारघाटा बजेटकै हाराहारीमा हुन थालेको बताए। उनले भने, "आर्थिक समृद्धि र विकासको बाधक मुलुकको चरम व्यापार घाटा पनि हो, आन्तरिक उत्पादन नहुँदा कृषि जन्य वस्तुहरुमा समेत परनिर्भरता बढ्दो क्रममा छ, सम्भावना भएका क्षेत्रहरुमा समेत निर्यात सहजीकरण हुन सकेको छैन, ।" नेपाल निर्यात परिषद्का नवनिर्वाचित अध्यक्ष नरेशलाल श्रेष्ठले भन्सार प्रक्रिया सहजीकरण नहुँदा व्यवसायीले अनावश्यक दुःख पाएको गुनासो गरे।

# सकारात्मक लयमा आर्थिक र वित्तीय सूचक

टुडे समाचारदाता

काठमाण्डु । चालु आर्थिक वर्ष २०८०/८१ को अर्धवार्षिक समीक्षा अवधिमा अधिकांश आर्थिक तथा वित्तीय सूचकहरु सकारात्मक देखिएका छन् ।



नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको चालु आर्थिक वर्षको सुरुआती छ महिनाको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार आर्थिक तथा वित्तीय सूचकले सुधारको लय समातेको देखिएको हो। गत पुस महिनासम्ममा विप्रेषण आप्रवाह २५ दशमलव तीन प्रतिशतले बढेर रु सात खर्ब ३३ अर्ब २२ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २४ दशमलव ३ प्रतिशतले बढेको थियो।

यो अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या दुई लाख सात हजार नौ सय ७० र पुनःश्रम स्वीकृति लिनेको संख्या एक लाख ३५ हजार चार सय ३५ रहेको छ ।यो अवधिसम्ममा शोधनान्तर स्थिति रु दुई खर्ब ७३ अर्ब ५२ करोडले बचतमा छ।

कूल विदेशी विनिमय सञ्चिति रु १८ खर्ब १६ अर्ब ५७ करोड पुगेको छ । सरकारको खर्च रु पाँच पाँच खर्ब ६६ अर्ब ६२ करोड र राजस्व परिचालन रु चार खर्ब ९६ अर्ब ५० करोड रहेको छ ।राष्ट्र बैंकको तथ्याङ्कअनुसार विस्तृत मुद्राप्रदाय छ दशमलव चार प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय १४ दशमलव तीन प्रतिशतले बढेको छ।

पुस मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन छ दशमलव छ प्रतिशतले बढेको छ र निजी क्षेत्रमा प्रवाहित कर्जा चार प्रतिशतले बढेको छ । वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर १४ दशमलव नौ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर चार दशमलव नौ प्रतिशत रहेको छ ।राष्ट्र बैंकको प्रतिवेदनअनुसार मूल्यवृद्धि वाञ्छित सीमाभित्र कायम भएको छ । वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति पाँच दशमलव २६ प्रतिशत रहेको छ।

गत आर्थिक वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति सात दशमलव २६ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षमा मूल्यवृद्धि साढे छ प्रतिशतको वाञ्छित सीमाभित्र राख्ने सरकारको लक्ष्य छ।

चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा खाद्य तथा पेयपदार्थ समूहको मुद्रास्फीति पाँच दशमलव ७७ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति चार दशमलव ८५ प्रतिशत रहेको छ ।राष्ट्र बैंकका अनुसार पुस महिनामा घ्यू तथा तेल, तरकारी, मासु तथा माछा र यातायात उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क घटेको छ। मरमसला र चिनी तथा चिनीजन्य वस्तु उपसमूहको सूचकाङ्कमासमेत क्रमशः कमी आइरहेको देखिएको छ । "वार्षिक बिन्दुगत आधारमा २०८० पुस महिनामा आयात मूल्य सूचकाङ्क, तलब तथा ज्यालादर र थोक मूल्य सूचकाङ्कको वृद्धिदरमा समेत कमी आएको छ। फलस्वरुप समीक्षा अवधिमा उपभोक्ता मुद्रास्फीतिमा तुलनात्मकरुपमा कम दबाब पर्न गएको छ", राष्ट्र बैंकले अर्धवार्षिक समीक्षा प्रतिवेदनमा भनेको छ।

खाद्य तथा पेयपदार्थ समूहअन्तर्गत घ्यू तथा तेल, तरकारी र मासु तथा माछा उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क क्रमशः १३ दशमलव ०७ प्रतिशत, एक दशमलव ०४ प्रतिशत र शून्य दशमलव ०६ प्रतिशतले घटेको छ । मरमसला उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क भने ३५ दशमलव ६० प्रतिशतले बढेको छ। त्यस्तै खाद्य तथा खाद्यजन्य पदार्थको मूल्य ११ दशमलव ३८ प्रतिशत, दाल तथा गेडागुडीको ११ दशमलव १४ प्रतिशत, दुग्ध पदार्थ तथा अण्डाको १० दशमलव २९ प्रतिशत र फलफूलको १० दशमलव १५ प्रतिशतले बढेको छ।

गैरखाद्य तथा सेवा समूहअन्तर्गत यातायात उप-समूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क एक दशमलव ६२ प्रतिशतले घटेको छ। मनोरञ्जन तथा संस्कृति उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकाङ्क १२ दशमलव ८४ प्रतिशत, विविध वस्तु तथा सेवाको नौ दशमलव ७३ प्रतिशत, शिक्षाको आठ दशमलव ९२ प्रतिशत, फर्निसिङ तथा घरायसी उपकरणको पाँच दशमलव १८ प्रतिशत र कपडाजन्य तथा जुत्ता चप्पलको चार दशमलव ९६ प्रतिशतले बढेको छ ।गत पुस महिनामा काठमाडौँ उपत्यकाको वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति पाँच दशमलव ७६ प्रतिशत छ । यो अवधिमा तराईको मूल्यवृद्धि चार दशमलव ७८ प्रतिशत, पहाडको पाँच दशमलव ४० प्रतिशत र हिमालको छ दशमलव ५७ प्रतिशत छ।

चालु आर्थिक वर्षको पुसमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति तीन दशमलव ३६ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति नौ दशमलव ८२ प्रतिशत रहेको थियो, गत पुसमा उपभोग्य वस्तुको वार्षिक बिन्दुगत थोक मुद्रास्फीति छ दशमलव १६ प्रतिशत, मध्यवर्ती वस्तुको एक दशमलव ९९ प्रतिशत र पुँजीगत वस्तु दुई दशमलव ७१ प्रतिशत रहेको छ।

समीक्षा महिनामा निर्माण सामग्रीको वार्षिक बिन्दुगत थोक मुद्रास्फीति एक दशमलव ०८ प्रतिशतले घटेको छ ।यो अवधिमा आयात तीन दशमलव एक, निर्यात सात दशमलव दुई प्रतिशत र कूल वस्तु व्यापार घाटा दुई दशमलव छ प्रतिशतले घटेको छ।

# विदेशी मुद्रा सञ्चिति हालसम्मकै उच्च

टुडे समाचारदाता

काठमाण्डु । चालु आर्थिक वर्ष २०८०/८१ को अर्धवार्षिक समीक्षा अवधिमा अर्थतन्त्रको बाह्य क्षेत्रमा उल्लेख्य सुधार देखिएको छ।

नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार चालु आवको पुस मसान्तसम्म एक वर्षको वस्तु तथा सेवाको आयात धान्नसक्ने विदेशी मुद्रा सञ्चिति रहेको छ।

गत असार मसान्तसम्ममा रु १५ खर्ब ३९ अर्ब ३६ अर्ब ५९ करोड रहेकामा पुस मसान्तसम्म पुग्दा ११ दशमलव आठ प्रतिशतले वृद्धि भई रु दुई खर्ब १६ अर्ब ३५ करोड कायम भएको छ।

गत पुस मसान्तको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २२ दशमलव पाँच प्रतिशत छ।

आर्थिक वर्ष २०८०/८१ को पहिलो छ महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १४ दशमलव पाँच महिनाको वस्तु आयात र १२ दशमलव एक महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । यो अवधिसम्ममा रहेको विदेशी विनिमय सञ्चितिको कूल गार्हस्थ्य उत्पादन, कूल आयात र विस्तृत मुद्राप्रदायसँगको अनुपात क्रमशः ३३ दशमलव आठ, सय दशमलव ९ र २७ दशमलव ७ प्रतिशत छन्।

> चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिसम्ममा चालु खाता रु एक खर्ब ६१ अर्ब ६२ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु ३५ अर्ब ५७ करोडले घाटामा थियो ।

चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिसम्ममा चालु खाता रु एक खर्ब ६१ अर्ब ६२ करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु ३५ अर्ब ५७ करोडले घाटामा थियो । यो अवधिमा पुँजीगत ट्रान्सफरमा भने ३० प्रतिशतले कमी आई रु तीन अर्ब ११ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी रु चार अर्ब ५३ करोडले धनात्मक रहेको छ।

करोड बराबर रहेको कूल विदेशी विनिमय सञ्चिति छ महिना अवधिमा १८ प्रतिशतले वृद्धि भई पुस मसान्त सम्ममा रु १८ खर्ब १६ अर्ब ५७ करोड पुगेको छ। जुन हालसम्मकै उच्च विदेशी मुद्रा सञ्चिति हो। योसँगै विदेशी मुद्रा सञ्चिति नेपालको वार्षिक बजेटको आकारभन्दा ठूलो देखिएको छ ।कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति गत असार मसान्तमा रु १३ खर्ब ४५ अर्ब ७८ करोड रहेकामा पुस मसान्तमा १८ दशमलव नौ प्रतिशतले वृद्धि भई रु १६ खर्ब २३ करोड पुगेको छ।

राष्ट्र बैंकबाहेक बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति गत असार मसान्तमा रु एक खर्ब ९३

# जानकीमा सय हेक्टरमा मसिना धानखेती गरिने



टुडे समाचारदाता

टीकापुर । कैलालीका स्थानीय पालिकाले किसानलाई प्रोत्साहन गर्ने विभिन्न कार्यक्रम ल्याएका छन् । ती पालिकाले धानको उत्पादन बढाउन किसानलाई अनुदानदेखि निःशुल्क प्राविधिक ज्ञान पनि दिँदै आएका छन्।

पालिकाले किसानलाई धानखेतीका लागि ब्लक, पकेट क्षेत्रदेखि क्लस्टरका हिसाबले कार्यक्रम सञ्चालन गरेर सघाउने गरेका छन्।

किसानलाई प्रोत्साहन गर्न अहिले जानकी गाउँपालिकाले यस वर्ष धान उत्पादनका लागि एक सय हेक्टर जमिनमा मसिनो जातको धानबाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने भएको छ। मसिना जातको धानखेती घट्दै गएकाले यसको उत्पादन बढाउन धानबाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्र्ने उक्त पालिकाका कृषि शाखा प्रमुख लालवीर चौधरीले बताउनुभयो । "मोटा धानबाली लगाउने धेरै किसान हुनुहुन्छ, विगतमा मसिनो धान लगाइन्थ्यो, आजभोलि घट्दै गएको छ", उनले भने, "हामीले मसिना धानबालीलाई प्रोत्साहन गर्न थालेका हौँ।"

किसानले बढी उत्पादन लिन मोटा धानबाली लगाउने तर घरमा खाँदा मसिनो धान खोज्ने चलन छ। आफ्नो खेत बारीमा उत्पादन भएको धान बिक्री गर्ने तर बजारबाट मसिनो चामल किनेर खाने गर्दछन्।

> गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को धानबाली प्रवर्द्धन कार्यक्रमका लागि रु नौ लाख ५० हजार बजेट विनियोजन गरेको छ ।

किसानले पनि स्थानीय उत्पादन खान पाउन भनी पालिकाले मसिना जातको धानबालीमा जोड दिन थालेको हो । धानबाली प्रवर्द्धन कार्यक्रमका लागि किसान तथा कृषक समूहलाई क्लस्टरमा सूचीकृत हुन पालिकाले सूचना गरेको छ । कृषक समूह तथा सहकारीले यसका लागि प्रतिब्लक २० हेक्टर जमिनमा धानखेती गर्नुपर्नेछ । गाउँपालिकामा पाँच वटा क्लस्टरमार्फत एक सय हेक्टर जमिनमा धानबाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने शाखा प्रमुख चौधरीले बताए।

क्लस्टरमा सहभागी हुने किसानले आफ्नो वडामार्फत प्रक्रियागतरुपमा आउनुपर्ने प्रावधान छ । एक क्लस्टरमा २० हेक्टर जमिनमा सो खेती गर्नुपर्ने भएकाले दुई वडा भए पनि चक्लाबन्दी खेतीको अवधारणाअनुसार कृषक यस कार्यक्रममा सहभागी हुने पालिकाले जनाएको छ । यसरी धानबाली प्रवर्द्धन कार्यक्रममा सहभागी कृषक समूह तथा सहकारीलाई गाउँपालिकाले उन्नत जातको धान र कृषि सामग्रीमा ५० प्रतिशत अनुदान दिने कृषि शाखा प्रमुख चौधरीले बताए।

गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को धानबाली प्रवर्द्धन कार्यक्रमका लागि रु नौ लाख ५० हजार बजेट विनियोजन गरेको छ। गाउँपालिकाले मसिना धानबालीमा किसानलाई आकर्षित गर्न ल्याएको यो कार्यक्रम प्रभावकारी हुने सम्बद्ध किसानहरूले बताए ।

# निकम्मा निर्माण व्यवसायीलाई ठेक्कैठेक्का

टुडे समाचारदाता

जाजरकोट । जाजरकोटका तीन पालिकामा प्रदेश सरकारले निर्माण गर्न लागेका सडक, पुलहरुको ठेक्का लागेको लामो समय भए पनि निर्माण व्यवसायीले काम नगर्दा सर्वसाधारणले हैरानी खेप्नुपरेको छ। कतिपय ठाउँमा पुल निर्माण नहुँदा मानिसको अकालमै ज्यान गएको छ।

नलगाड नगरपालिका, जुनिचाँदे गाउँपालिका र छेडागाड नगरपालिकामा नेपाल मेघा सिस्ने जेभीले लिएका ठेक्का अलपत्र परेका छन् । कर्णाली प्रदेश भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको जाजरकोटस्थित पूर्वाधार विकास कार्यालयमार्फत ती ठेक्का भएको थियो । बहुवर्षे नाम दिइएको उक्त ठेक्काको काम सुरु नहुँदा कार्यालय प्रमुखदेखि अन्य सरोकारवालालाई टाउको दुखाइको विषय बनेको छ। निर्माण व्यवसायीलाई काम गर्न पटकपटक कार्यालयले पत्र काट्छ, निर्माण व्यवसायी हुन्छ भन्छन् तर काम गर्दैनन् । जाजरकोटमा मात्र तीन वटा ठेक्का अलपत्र पार्ने नेपाल मेघा सिस्ने जेभीले अन्यत्र के गरेको होला खोजीको विषय बनेको छ।

रु तीन करोड ९८ लाखमा नलगाड नदी माथि नलगाड नगरपालिका-५ सिर्के र बारेकोट गाउँपालिका-८ साघुतरामा पुल अलपत्र परेको छ। यसको म्याद सकिएको छ महिना भइसकेको छ । त्यहाँ अहिलेसम्म काम सुरु नै भएको छैन । त्यस्तै छेडागाड नगरपालिकाको साल्म खोलामा रहेको पुलसमेत अलपत्र छ। रु ४८ करोड ८० लाख १५ हजार निर्माण हुने उक्त पुलको ठेक्कासमेत यही जेभीले पाएको छ । विसं २०७८ साउन २९ मा पुल निर्माण सम्झौता भएको थियो। यही माघ २८ गते म्याद सकिँदैछ । कामको प्रगति भने तीन प्रतिशत मात्र भएको पूर्वाधार विकास कार्यालय जाजरकोटका प्रमुख सोहिन्दर यादव बताउनुहुन्छ। यो पश्चिम जाजरकोटमा पर्ने छेडा-जुम्ला सडकको मुख्य पुल हो । यो पुल निर्माण नहुँदा पश्चिम क्षेत्रको यातायात सेवा प्रभावित हुँदै आएको छ।

म्याद सकिन आठ दिनमात्र बाँकी रहँदा निर्माण व्यवसायीले पुल निर्माणतर्फ चासो देखाएका छैनन् । कार्यालयले आधा दर्जन पत्र काटिसकेपनि पुल निर्माणको काम अघि बढ्न सकेको छैन । यही सडकखण्डको छेडा, थालह सनाखोला चाँदे जुम्ला सडक, जुनिचाँदेमा काम नहुँदा अलपत्र छ । ३० किमी सडक निर्माण गर्नुपर्ने भए पनि नेपाल मेघा सिस्नेले काम नगर्दा अलपत्र पर्दै आएको हो । रु १५ करोड ५२ लाखमा सम्झौता भएको उक्त सडकको अहिलेसम्म दुई प्रतिशत मात्र काम भएको छ। यो सडक निर्माण गरिसक्नुपर्ने अन्तिम मिति २०८२ पुस ४ गतेसम्म हो । विसं २०७८ पुस ५ गते सम्झौता भएको थियो। रु २४ लाख ७१ हजार मात्र यो सडकमा खर्च भएको छ।

पश्चिम जाजरकोटको पुल र सडकका विकासको बाधकका रुपमा उक्त जेभी देखापरेको स्थानीयवासी बताउँछन्। समयमै काम नगर्दा पश्चिम जाजरकोटको सडक मृत्यु मार्गजस्तै भएको जुनिचाँदेका रेशम खड्काले बताए। सडक तथा पुल निर्माणको ढिलाइका विषयमा कार्यालयले गरेको ताकेतासमेत निर्माण व्यवसायीले नटेर्दा प्रशासनको सहयोग लिनुपरेको छ । प्रशासन कार्यालयको पनि जिल्लामा भएका विकास निर्माणका काममा खासै चासो नभएको खड्काले बताए।

जिल्लाबाट निर्वाचित भएर गएका जनप्रतिनिधि विकास निर्माण हुने गरेको ढिलासुस्तीका विषयमा मुकदर्शक भएको आरोप लाग्दै आएको छ । त्यस्तै बारेकोट गाउँपालिका-२ र ५ को बीचमा रहेको घाटस्थित नलगाड खोलाको पुल निर्माण अलपत्र छ। एकमात्र पिल्लर उठाएर बीचमा काम रोकिएको छ।

नारायनम् निर्माण सेवा नेपालगञ्ज १८ बाँकेले लिएको उक्त पुलको काम रु चार करोड ६५ लाख चार हजार ८५२ मा लिएको थियो । विसं २०७९ जेठ २३ गते सम्झौता भएको उक्त पुलको गत मङ्सिरमा म्याद सकिएर पुनः थपी २०८१ मङ्सिर २२ बनाइएको छ । रु एक करोड ४० लाख चार हजार ९११ मा निर्माण व्यवसायीले भुक्तानी लिएको कार्यालयले जनाएको छ।

# ब्लक इँटाको माग बढ्दै

टुडे समाचारदाता

घोराही । दाङमा पछिल्लो समय आधुनिक ब्लक इँटाको माग बढ्दै गएको छ । जिल्लामै आधुनिक इको ब्लक इँटा उत्पादन हुन थालेपछि यसको प्रयोगसँगै माग पनि बढ्दै गएको हो।



ब्लक इँटाको महत्व बुझ्न थालेपछि यसको माग पनि बढ्दै गएको घोराही उपमहानगरपालिका-८ वनगाउँमा ईको ब्लक उद्योग सञ्चालक पीताम्बर शर्माले जानकारी दिए । विभिन्न व्यवसाय गर्दै आएका तीन युवाले जिल्लामै पहिलो आधुनिक ईको ब्लक इँटा उद्योग सञ्चालनमा ल्याएका हुन् ।यसप्रकारको आधुनिक उद्योग जिल्लामा नै पहिलो रहेको सञ्चालकको जिकिर थियो । युवा व्यवसायी पीताम्बर शर्मा, कृष्णप्रसाद गौतम र पुष्पराज आचार्यले एक बिघा जग्गा भाडामा लिएर सञ्चालन गर्नुभएको सो उद्योगमा करिब रु तीन करोडभन्दा बढीको लगानी गरिएको छ।

"उत्पादित सामग्री जिल्लाका साथै साविक राप्ती अञ्चलसम्म जाने गरेको छ । स्थानीय बजारमा पनि यसको माग राम्रो छ", सञ्चालक शर्माले भने, "केही समयपछि माग भएका सबै स्थानसम्म ब्लक इँटा पुर्याउनेछौँ ।""इँटा तयार पार्नका लागि करिब २० दिन लाग्छ। उत्पादन हुनेबित्तिकै बजार पठाउन मिल्दैन। हामीले उत्पादन गरेको २० दिनपछि मात्र बजार वा माग गरिएका स्थानमा इँटा पठाउँछौँ दाङको बजारका साथै रोल्पा, प्यूठान, रुकुम, सल्यान तथा नजिकका जिल्लालाई लक्ष्य गरेर यो उद्योग सञ्चालनमा ल्याइएको उनको भनाइ थियो।

यस क्षेत्रमा यसप्रकारको उद्योग नभएकाले आफूहरूले लगानी गरेको र यसबाट जिल्ला बाहिर जाने रकम रोक्न सकिने सञ्चालकहरूको अपेक्षा थियो।

जिल्लामा विगतदेखि नै सिमेन्टका ब्लक निर्माण गर्ने गरिए पनि स्वचालित (अटोमेटिक) मेसिनबाट हलो ब्लक, इन्टरलक ब्लक, सिएलसी ब्लक, पेवर ब्लक उत्पादन भइरहेको छ । आधुनिक खालको उपकरणबाट उत्पादन गरिएकाले यी इँटा वातावरणमैत्री, भूकम्प प्रतिरोधी र कम खर्चिलो रहेको उल्लेख गर्दै यस्तो इँटा साइज मिलेको हुनाका साथै काम छिटो हुने, सिमेन्ट र बालुवा कम खर्च हुने भएकाले करिब ३० प्रतिशत रकम बचत हुने उद्योग सञ्चालक शर्माले बताए।

यो इँटा उत्पादनका लागि स्थानीय कच्चापदार्थ प्रयोग गरिएको, केमिकल मात्र भारतबाट ल्याउने गरिएको उल्लेख गर्दै सञ्चालक शर्माले साइजअनुसार फरकफरक मूल्यका इँटा प्रयोग गर्दा अन्य परम्परागतरूपमा माटोबाट बनाइएका इँटाभन्दा केही महँगो देखिए पनि घर निर्माण गर्दा लाग्ने कूल खर्चमा ३० देखि ४० प्रतिशत खर्च कम लाग्ने उल्लेख गरे । हाल सो उद्योगमा १२ जनाले रोजगार पाएका छन्।

# सहकारीद्वारा तोरी पेल्ने उद्योग सञ्चालन

टुडे समाचारदाता

कञ्चनपुर। बेलौरी नगरपालिका-१० स्थित सम्झौता बहुउद्देश्यीय सहकारी संस्थाले तोरीको तेल 'ब्राण्डिङ' , 'लेभलिङ' तथा 'प्याकेजिङ' उद्योग सञ्चालनमा ल्याएको छ। नगरपालिकाको रु १५ लाख, सङ्घीय सरकारको सर्शत अनुदान रु १० लाख र सहकारीको रु पाँच लाख गरी रु ३० लाखमा उद्योग सञ्चालनमा ल्याइएको हो।

नगरपालिका क्षेत्रमा उत्पादन हुने तोरी किसानबाट खरिद गरी उद्योगमा प्रशोधन गरी उपभोक्ताको घरघरमा तोरीको तेल पुर्याउने उद्देश्यले उद्योग सञ्चालन गरिएको छ । उद्योग सञ्चालनमा आएपछि तोरी बिक्रीका लागि किसानलाई सहज हुने भएको छ।

बजारमा पाउने मिसावट भएको तेललाई विस्थापित गरी उपभोक्ताको स्वास्थ्यमा सुधार ल्याई नगरपालिकाले आफ्नो छुट्टै पहिचान भएको तोरीको तेल ब्राण्डिङ गरेर बजारमा ल्याई बिक्रीवितरण गर्ने उद्देश्य राखेको सहकारीका अध्यक्ष सीता चौधरीले बताए।

"दुई किलो ५० ग्राम तोरीबाट एक लिटर तेल उत्पादान हुन्छ, यसमा तोरीको मूल्य रु दुई सय ८०, बोतलसँगै बिर्को र ढुवानी रु १३, स्टिकर रु १२, श्रम लागत रु १३ गरी रु तीन सय २३ मा तेल बिक्री मूल्य राखेका छौँ", उनले भने, "उद्योगलाई मुनाफाका रूपमा खली पिना रहेको छ, यसको मूल्य प्रतिकिलो लगभग रु ३४ छ।"

सहकारीका लेखा संयोजक मनराज उपाध्यायले उद्योग सञ्चालनमा आइसकेकाले तत्कालै तेलको ब्राण्डिङ, प्याकेजिङ गरी बजारमा ल्याउन लागेको जानकारी दिए।

# छोटी भन्सारहरु सञ्चालनमा आएन

**टुडे समाचारदाता**

जनकपुरधाम । माओवादी द्वन्द्वकालमा बन्द गरिएका छोटी भन्सार कार्यालयहरु माओवादी केन्द्र पटक पटक सत्तामा आए पनि सञ्चालन हुन सकेको छैन् । छोटी भन्सार कार्यालयहरुलाई सुचारु गर्न पनि माओवादी नेतृत्वको सरकारले कुनै चासो नदेखाएको स्थानीयहरुको आरोप छ ।

माओवादी द्वन्द्वकालमा सुरक्षाको कारण देखाउँदै महोत्तरी जिल्लाका ४ वटा छोटी भन्सार कार्यलय बन्द गरिएको थियो ।

माओवादी द्वन्द्व उत्कर्षमा पुगेको बेला सुरक्षाको कारण देखाउँदै महोत्तरीको रघुनाथपुर छोटी भन्सार कार्यालय, कटैया छोटी भन्सार कार्यालय, पोखरभिण्डा र बथनाहा छोटी कार्यालय बन्द गरिएको थियो। त्यतिबेला बन्द भएको ती कार्यालय माओवादी शान्ति प्रक्रियामा आएर सत्तामा पुगेको १६ वर्ष पुगिसक्दा पनि ती कार्यालय सञ्चालन नहुदाँ सरकारको लाखौं रुपैयाँ राजस्व गुम्दै गएको छ भने साना तथा फुटकर व्यवसायीहरू मारमा परेका छन् । बन्द रहेका छोटी कार्यालयहरू सुरु नहुदाँ हाल उक्त नाका तस्करहरूले तस्करीका लागि प्रयोग गरिरहेको स्थानीयको भनाइ छ ।

महोत्तरी जिल्लाको दक्षिणी भारतीय सीमासँग जोडिएका ती नाकाहरूमा भन्सार कार्यालयहरू पुनः सुरु गर्न स्थानीय व्यवसायीहरूको माग छ । पछिल्लो समय ती छोटी भन्सार कार्यालयहरू बन्द हुदाँ व्यवसायीहरू बिना अवरोध ती नाकाबाट सामान ल्याउने गरेको त्यस भेगका व्यापारीहरू बताउँछन् ।

भारतबाट आउने सामानको भन्सार नकटाई ल्यानुपर्ने वाध्यता रहेको मनरासिसवाका व्यवसायी बिनोद साह भन्छन् ,'चहलपहलसमेत घटेकाले यसको असर बजारमा परेको छ ।'

छोटी भन्सार कार्यालय सुरु नहुदाँ सो नाकामा सुरक्षाकर्मीको बाक्लोको उपस्थित रहे पनि भारतबाट ल्याउने सामान नियन्त्रणमा लिने गरेको संघीय सरकारले बन्द रहेको छोटी भन्सार कार्यालय तुरुन्त सुरु गर्नुपर्ने माग व्यवसायीको रहेको छ । ती भन्सार कार्यालयहरू बन्द भएपछि भारतबाट सामान आयात गरेर व्यवसाय सञ्चालन गर्ने व्यापारीहरूलाई जीविकोपार्जन गर्न समस्या भएको अर्का व्यापारी कपिल देव साह बताउँछन् ।

उनी भन्छन्, 'छोटी भन्सार कार्यालय सुरु नहुँदा भारतबाट ल्याउने सामानको भन्सार कटाउन करिव ५० किलोमिटर बाटो छिचोल्दै जलेश्वर भन्सार कार्यालय पुग्नुपर्ने वाध्यता छ, त्यसकारण कतिपय व्यापारी भन्सार तिर्न जाँदैनन्, प्रहरीलाई केही रकम दिएर आफ्नो समानहरू ल्याउने गर्छन् ।'

महोत्तरीमा छोटी भन्सार कार्यालय नहुँदा भारतबाट बिना भन्सार लुकीछिपी सामान नेपाल भित्रिने गरेको छ । जसको कारण सरकारलाई महिनामा लाखौं रुपैयाँ राजस्व घाटा हुँदै आएको छ ।

छोटी भन्सार कार्यालय संचालनमा नरहँदा त्यसको अवसर महोत्तरीको मूल भन्सार कार्यालयको राजस्वमा पर्ने गरेको छ । महोत्तरीमा अहिले जलेश्वर भन्सार कार्यालय, मटिहानी र सम्सी भन्सार कार्यालय मात्र संचालनमा रहेको छ ।

# सवारी दुर्घटनामा एकको मृत्यु १० घाइते

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको मलंगवा नगरपालिका-१०, गम्हरियामा सोमबार राति भएको सवारी दुर्घटनाका घाइतेमध्येका एक जनाको मृत्यु भएको छ भने १० जना घाइतेको उपचार भइरहेको छ।

दुर्घटनामा नापी कार्यालय मलंगवाका प्रमुखसहित गाडीमा सवार ११ जना घाइते भएकोमा कार्यालय सहयोगी बागमती नगरपालिका-११, कर्मैयाका ४५ वर्षीय विनोद घिमिरेको मृत्यु भएको छ । घिमिरेको उपचारका क्रममा एलएस न्युरो अस्पताल कलैया, बारामा मृत्यु भएको प्रहरीले जनाएको छ।

अन्य १० जना घाइते उपचाररत छन् । सोमबार राति पौने ८ बजेतिर नवलपुर-मलंगवा सडक खण्डमा सदरमुकाम मलंगवाबाट नवलपुरतर्फ आउँदै गरेको नापी कार्यालयका कर्मचारी सवार बीआर ०६ पिडी ९६४८ नम्वरको सफारी गाडी गम्हरिया गाउँदेखि उत्तर नवलपुरतर्फ नै उखु बोकेर आउँदै गरेको ज २ त १०६७ नम्वरको ट्र्याक्टरमा पछाडिबाट ठोक्किएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ । घाइते १० जनामध्ये नापी कार्यालयका प्रमुख काभ्रेको बनेपा नगरपालिका घर भएका ४५ वर्षीय सञ्जय मानन्धर, महोत्तरीका ३० वर्षीय बैजु यादव र सर्लाहीको मलंगवा नगरपालिका-३, का ३५ वर्षीय रामलाल साहको अवस्था गम्भीर छ । त्यस्तै दुर्घटनामा सर्लाहीको कौडेना गाउँपालिका-२, का २४ वर्षीय सन्जित मण्डल, महोत्तरीको एकडारा गाउँपालिका-२, का ३० वर्षीय रिटेन यादव, सर्लाहीको मलंगवा नगरपालिका-३, का ५० वर्षीय बैधनाथ पटेल, मलंगवा नगरपालिका-७, का ३४ वर्षीय रामबाबु राय, धनुषाको शहीदनगर नगरपालिका-७, का २९ वर्षीय दीपेन्द्र यादव, बाराको कलैया उपमहानगरपालिका-२०, का २४ वर्षीय शहीद अनवर र महोत्तरीका २५ वर्षीय अजय यादव घाइते भएका छन् । प्रहरीका अनुसार घाइतेमध्ये पाँच जनाको एलएस न्युरो अस्पताल कलैया, तीन जनाको नेशनल मेडिकल कलेज वीरगञ्ज, एक जनाको बयोधा अस्पताल वीरगञ्ज र एक जनाको प्रादेशिक अस्पताल मलंगवामा उपचार जारी छ । दुर्घटनापछि गाडीभित्रै च्यापिएका घाइतेलाई स्थानीय र प्रहरी भएर उद्धार गरेका थिए । सर्लाही प्रहरीका सूचना अधिकारी एवंप्रहरी नायब उपरीक्षक (डिएसपी) दीपेन्द्र पंजियार थारुले दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको बताए । दुर्घटनामा नापी कार्यालयका कर्मचारी सवार गाडी क्षतिग्रस्त छ ।



उखु बोकेको ट्र्याक्टरका चालक फरार रहेका र उनको खोजी भइरहेको डिएसपी थारुले बताए । कर्मचारी मिलन केन्द्र सर्लाहीको अध्यक्ष समेत रहेका प्रमुख नापी अधिकृत मानन्धरसहितको टोली माघ २७ गते आयोजना गरिएको वनभोज (पिकनिक) कार्यक्रमको तयारीमा जुटेको थियो । यता, मधेशी निजामती कर्मचारी संघले मृतक प्रति श्रद्धाञ्जली र घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गरेको संघका महासचिव बेचनकुमार महतोले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

**प्रहरीका अनुसार घाइतेमध्ये पाँच जनाको एलएस न्युरो अस्पताल कलैया, तीन जनाको नेशनल मेडिकल कलेज वीरगञ्ज, एक जनाको बयोधा अस्पताल वीरगञ्ज र एक जनाको प्रादेशिक अस्पताल मलंगवामा उपचार जारी छ ।**

# ठगी आरोपमा प्रधानाध्यापक कर्ण पक्राउ

**टुडे समाचारदाता**



सिरहा । व्यवसायीलाई ठगी गरेको आरोपमा सिरहा जिल्लास्थित रहेको चन्द्र नमुना माध्यमिक विद्यालयका प्रधानाध्यापक मधुसूदन कर्णलाई प्रहरीले पक्राउ गरेको छ ।

नेपाल आयरन स्टोर्स एन्ड जनरल सप्लायर्सका सञ्चालक रोशनकुमार यादवले उच्च अदालत जनकपुर अन्तर्गतको राजविराज इजलासमा दायर गरेको मुद्दाको सुनवाइको आधारमा माघ २२ गते पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ ।

प्रहरीनायब उपरीक्षक रवीन्द्रराज पाण्डेका अनुसार प्रअ कर्णलाई पक्राउ गरिएको छ । पक्राउपछि पहिलो चरणमा अदालतबाटै सात दिनको म्याद समेत थप गराएको छ । पक्राउ परेका कर्णलाई प्रहरीले अनुसन्धान जारी राखेको छ।

चन्द्र नमुना माध्यमिक विद्यालयको निर्माण कार्यको लागि सिराहा बजारमा रहेको जनरल सप्लायर्सबाट पटक पटक सिमेन्ट, छड, तार रङ्ग तथा निर्माण उपयोगी समानहरू लगिएको थियो । पसल सञ्चालक रोशन कुमार यादवले १७ लाख ४ हजार ५ सय ८१ रुपैयाँको विल बुझाउँदा आलटाल गरेपछि अदालतमा मुद्दा दायर गर्नुपरेको बताए । उनले भने-'भुक्तानीको लागि विद्यालयमा २०७४ सालदेखि वर्षौं धाए कुनै सुनवाइ नभएपछि अदालतको सहारा लिनुपर्यो । न्याय मरेको छैन भन्दै अदालतले गरेको फैसलाबाट आशा जागेको छ । भुक्तानी समयमा नदिँदा निकै व्यापारघााटा सहनु परेको छ ।'

काठमाण्डु उपत्यका बाहिर पहिलो विद्यालय स्थापित भएको चन्द्र नमुना माध्यमिक विद्यालय तत्कालिन चन्द्र शमशेरको नाउँबाट नामकरण भएको विद्यालय सिराहा सदरमुकाम जिल्ला अदालतसँग जोडिएको छ।

# सहमतिपछि गरुडा नगरपालिकाको ताला खुल्यो



दुई पक्षीय सहमति पछि गरिएको तालाबन्दी खोलिदै । तस्विर : टुडे

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गरुडा नगरपालिकामा जनप्रतिनिधिबीच दुई पक्षीय सहमति पछि तालाबन्दी खुलेको छ । नगरप्रमुख कन्थमनी जैसवाल र उपप्रमुख पुनम चौधरी समूहबीच सहमति भएपछि एक महिना अगाडि गरिएको तालाबन्दी सोमबार राति खुलेको छ ।

जिल्ला प्रशासन कार्यालय रौतहटमा सोमबार दुवै पक्षबीचको वार्तामा सहमति जुटेको थियो । एक महिना बढी समय देखिको तालाबन्दीको कारण नगरपालिकाको कामकाज प्रभावित बनेको थियो । सेवाग्राहीले दैनिक रूपमा हुने सेवाहरू उपलब्ध हुन सकेको थिएन ।

तालाबन्दी खुलाउनका जिल्ला प्रशासन कार्यालय गौरमा दुवै पक्षबीच पटक पटक सहमतिको प्रयास भए पनि सहमति हुन सकेको थिएन ।

उपमेयर पक्षको माग नगरपालिकाको हिउँदे अधिवेशनमा सम्बोधन तथा कार्यपालिका बैठकमा पेस गर्ने सहमति भएको मेयर जैसवालले बताएका छन् ।

जिल्ला प्रशासन कार्यालय गौरमा भएको दुई पक्षीय छलफलमा एमालेका प्रदेश सांसद केशव राय चौधरी, जिल्ला समन्वय समितिका सभापति रामअयोध्या राय यादव, जसपा नेता राजकुमार दास, नेकपा एमालेका नेता कलिमूल्लाह अन्सारी, रामजी साह लगायतको सहभागिता रहेको थियो । २०८०-०८१को नगरसभाको निर्णय सार्वजनिक गर्नुपर्ने, आव २०७९-०८० को खर्च कार्यपालिका बैठकमा पेस गर्नुपर्ने, वडाको बजेट सिलिङ्ग बढाउनुपर्ने करारका कर्मचारी खारेज गर्नुपर्ने, आवश्यक कर्मचारी भर्ना गर्नुपर्ने, उपप्रमुख र वडा अध्यक्षलाई अधिकार दिनुपर्ने लगायतका ६ बुँदे माग सहित माग उनीहरूले गरुडा नगरपालिकाको मूलगेटमा तालाबन्दी गरी आन्दोलनमा उत्रिएका थिए ।

# पार्किङ्ग समस्या भएपछि जग्गा खोज्न आग्रह

**टुडे समाचारदाता**

वीरगञ्ज । नेपाल आयल निगम अम्लेखगञ्ज डिपोमा पेट्रोलियम पदार्थ बोकेका ट्याङ्कर पार्किङ्गमा समस्या देखिएको छ । इन्धन लिन देशभरबाट दैनिक सयौंको संख्यामा आउने ट्याङ्कर हरुको पार्किङ्गमा समस्या भएको छ।

२०७६ भदौ २४ गतेदेखि पाइपलाइनबाट डिजल आयात हुन थालेपछि निगमको अम्लेखगञ्ज डिपोबाट हुने बिक्री बाहेक पनि विराटनगर, जनकपुरधाम, भैरहवा, पोखरा तथा काठमाण्डुसम्मका कार्यालयहरुका लागि आवश्यक डिजल अम्लेखगञ्जबाट लोड भएर जाने गर्दछ । हाल डिजल बोकेका ३ सय ट्याङ्कर दैनिक निगमको अम्लेखगञ्ज डिपोबाट छुट्ने गर्दछन् ।

पछिल्लो समय मोतिहारी-अम्लेखगञ्ज पेट्रोलियम पाइपलाइनको दोस्रो चरणको काम धमाधम भइरहेकाले केही महिनाभित्र पाइपलाईनबाट पेट्रोल र मट्टीतेलसमेत आउँछ । जसका कारण ट्याङ्कर पार्किङ्गमा झनै ठूलो समस्या हुने देखिन्छ ।



आयल निगम अम्लेखगञ्ज डिपोकाप्रमुख इन्जिनियर विनितमणी उपाध्यायले निकट भविष्यमै डिजल र पेट्रोल लिन दैनिक ठूलो संख्यामा ट्याङ्करहरु अम्लेखगञ्ज आउने भएकाले अहिलेकै ठाउँमा पार्किङ्ग सम्भव नहुने बताए । 'हामीलाई पेट्रोलियम ट्याङ्कर पार्किङ्गमा अहिले नै धैरै समस्या भएको छ, अब केही महिनापछि पाइपलाइनबाट पेट्रोल आउन थालेपछि झनै गाह्रो हुन्छ,' उपाध्यायले भने, 'जग्गाको व्यवस्थापन गरिदिन हामीले जीतपुर सिमरा महानगरसँग लिखित र मौखिक रुपमा पटक पटक अनुरोध पनि गरेका छौं, यो विषयमा एक पटक छलफल पनि भएको हो तर केही टुङ्गो लाग्न सकेन ।'

निगमले गत साता उपमहानगरलाई पत्र पठाएर अम्लेखगञ्जमा ३ देखि ४ बिघा जग्गा उपलब्ध गराइदिन अनुरोध गरेको छ । 'हाल आयल निगम अम्लेखगञ्ज डिपोको दक्षिणपट्टी रहेको करिडोरमा पार्किङ्ग गरिरहे पनि पछि नयाँ निर्माण भएको डिपोसम्म आउन-जान यही करिडोर प्रयोग गर्नुपर्ने भएकाले ट्याङ्कर पार्किङ्गका लागि समस्या हुनसक्ने निगमको जिकिर छ ।

निगमले सो पत्रको बोधार्थ निगमको केन्द्रीय कार्यालय काठमाण्डु, इन्जिनियर परियोजना तथा सूचना प्रविधि विभाग, जीतपुरसिमरा वडा नं २१ र २२ मा पनि पठाएको छ।

हाल पेट्रोलियम पदार्थ लोड भएका वा खाली ट्याङ्करहरु अम्लेखगञ्ज आसपासका स्थानीयहरुको घरआँगन, सडक, पेटीमा पार्किङ्ग हुँदै आएको छ । अति प्रज्वलनशील पदार्थ बोकेका ट्याङ्करहरु यसरी जथाभावी पार्किङ्ग गर्दा जुनसुकै बेला ठूलो दुर्घटना निम्तिन सक्ने स्थानीयको गुनासो छ।

हाल दैनिक २५० देखि ३ सय वटा ट्याङ्कर अम्लेखगञ्जमा आवतजावत गर्दछन् । जीतपुर सिमरा उपमहानगर वडा नं २१ का वडाध्यक्ष सुवास श्रेष्ठले निगमको ट्याङ्कर पार्किङ्गका लागि जग्गा खोजी भइरहे पनि खाली सरकारी जग्गा कतै नभेटिएको बताए ।

'पर्सा राष्ट्रिय निकुञ्जको दुधौरा खोला छेउको केही जग्गा खाली छ तर त्यसमा ट्याङ्कर पार्किङ्ग गर्न मिल्ने/नमिल्ने विषयमा छलफल भएको छैन,' वडाध्यक्ष श्रेष्ठले भने ।

**हाल दैनिक २५० देखि ३ सय वटा ट्याङ्कर अम्लेखगञ्जमा आवतजावत गर्दछन् । जीतपुर सिमरा उपमहानगर वडा नं २१ का वडाध्यक्ष सुवास श्रेष्ठले निगमको ट्याङ्कर पार्किङ्गका लागि जग्गा खोजी भइरहे पनि खाली सरकारी जग्गा कतै नभेटिएको बताए ।**

# दुर्गा प्रसाईको आमसभा हुने




**टुडे समाचारदाता**

जनकपुरधाम । बैंक, लघुवित तथा सहकारीको नीतिगत अत्याचार विरुद्ध हिन्दू राष्ट्रको माग सहित जनकपुरधाममा वृहत्त आमसभा हुने भएको छ ।

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ अभियानले मंगलबार जनकपुरधाममा पत्रकार सम्मेलनको आयोजना गर्दै माघ २५ गते जनकपुरधामको बाह्रविघामा दुर्गा प्रसाईको प्रमुख आतिथ्यमा आमसभा हुने जनाइएको छ । अभियानका मध्यमाञ्चल संयोजक गणेश कुमार साहले यस सभाबाट बैंक तथा लघुवित्तहरुको अत्याचारको भण्डाफोर गरी सरकारलाई जनताको ऋण माफ गर्नका लागि घुँडा टेकाउने बताए। यस अभियानले विगत एक वर्ष देखि आफनो अभियान संचालन गर्दै आएको र यसमा लाखौ जनताको सहभागिता भइसकेकोले अभियानलाई सार्थकता बनाउन सबैको सहभागिता आवश्यक रहेको बताए ।

उनले भने,'अभियानको १८ वटा बुँदा मध्ये हिन्दू राष्ट्रको माग पनि एक रहेको तर राजा फर्काउने कुरा हाम्रो अभियान अन्तर्गत रहेको छैन, विश्वको एकमात्र हिन्दू मुलुकलाई पुनः फर्काउने र यसबाट कुनै जाति धर्मलाई कुनै फरक पर्नेछैन ।' मुलुकका लागि संघीयता अभिशापको रुपमा भएकोले संघीयतालाई समाप्त पार्दै जनतालाई अर्थतन्त्र धान्ने नाउमा करको भारीबाट उन्मुक्ति दिलाउनु अभियानको संकल्प रहेको उनले बताए ।

# मिथिला बिहारी नगरपालिकामा कर्मचारी अभाव

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला बिहारी नगरपालिकाले बिरामीलाई सहज रुपमा सेवा प्रदान गर्ने उद्देश्यले खरिद गरेको एम्बुलेन्स प्रयोगविहीन बनेको छ ।

दुई वर्षअघि खरिद गरेको एम्बुलेन्ससँगै जेसिबी मेसिन पनि थन्किएको दुई वर्ष भएको छ । नगरपालिकासँग भएको स्वच्छ मेसिन (सेफ्टी ट्याङ्की), ट्रक, तीन वटा ट्याक्टर, नगरप्रमख र उपप्रमुखले चढ्ने दुई वटा गाडीसमेत दुई वर्षदेखि थन्किएका छन् ।

नगरपालिकाले २०७९ साउनमा कार्य मूल्याङ्कनको आधारमा सवारी चालक, कार्यालय सहयोगीसहित करारमा रहेका सबै कर्मचारी हटाएपछि अति आवश्यक प्रयोगका सवारीसाधन थन्किएको कार्यपालिका सदस्य रामउद्गार दासले बताए ।

हटाइएको कर्मचारीको स्थानमा पदपूर्ति हुन नसक्दा सवारी चालक र कार्यालय सहयोगीविहीन नगरपालिका बन्न पुगेको उनले जानकारी दिए । उनले भने, "यो नगरपालिकामा एउटा पनि चालक र कार्यालय सहयोगी छैनन् । जसले गर्दा जनताका अति आवश्यक काममा बाधा आइरहेको छ ।"

नगरपालिकाले २०८० वैशाख ११ गते चालक, कार्यालय सहयोगीलगायत विभिन्न पदका गरी ५३ जना कर्मचारीका लागि विज्ञापन प्रकाशन गरे पनि त्यसको नतिजा प्रकाशन नगरप्रमुख राजेन्द्रप्रसाद यादवले रोकेर राखेका कारण नगरपालिकामा यस्तो समस्या देखिएको कार्यपालिका उनको भनाइ छ । उम्मेदवारको लिखित, मौखिक (अन्तर्वार्ता) लगायतका सबै प्रक्रिया पूरा भइसकेको भए पनि नतिजा प्रकाशन नहुनु कतै न कतै नगरप्रमुखको व्यक्तिगत स्वार्थ रहेको कार्यपालिका सदस्य दासले आरोप लगाए । मिथिला बिहारी नगरपालिका-८, का वडाध्यक्ष जीवछ यादवले कार्यालय सहयोगीको अभावमा जनताको कामकाजमा निकै समस्या भइरहेको बताए । १० वटा वडा कार्यालय रहेको यस नगरपालिकाको वडा कार्यालय, वडा स्वास्थ्य चौकी र नगरपालिका कार्यालयको कुनै पनि शाखामा कार्यालय सहयोगी नरहेको जानकारी दिए । उनले भने, "जनताको गुनासो सम्बोधन गर्ने काम गर्नु कि कागजातमा छाप लगाएर फाइल थन्काउनु । कार्यालय सहयोगी नहुँदा काम गर्न एकदमै कठिनाइ भएको छ ।"

यता, नगरपालिकाका नगरप्रमुख यादवले लामो समयदेखि करारका कर्मचारी भर्नाको नतिजा प्रकाशन गर्न आलटाल गरेको आरोप लगाउँदै नगरपालिकाका सात जना वडाध्यक्षलगायतका जनप्रतिनिधिले विरोध जनाएका छन् । उनीहरुले विज्ञापन अनुसार करार कर्मचारीको नतिजा प्रकाशन गर्न माग गर्दै आइतबार र सोमबार नगरपालिकाको कार्यालयमा तालाबन्दी गरेर कार्यालय परिसरमा धर्ना बसेका थिए । नगरप्रमुखलाई नतिजा प्रकाशन गर्न पटक-पटक आग्रह गर्दा कुराको सुनवाइ नगरेपछि बाध्य भएर तालाबन्दी गरेर धर्नामा बस्नुपरेको उनीहरुको भनाइ थियो ।

मिथिला बिहारी नगरपालिकाका नगरप्रमुख यादवले करारका कर्मचारी भर्नाको नतिजा प्रकाशन छिट्टै गरिने बताए । उनले केही प्रक्रिया बाँकी रहेको बताउँदै आउँदो कार्यपालिकाको बैठकबाट छलफल गरेर नतिजा प्रकाशन गरिने जानकारी दिए ।

**आवश्यकता**

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

**कम्प्युटर अपरेटर - १ (एक) जना**

सम्पर्क

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.

जनकपुरधाम, धनुषा

सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८